का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ असोज २०८२
आइतबार
12 October 2025
Sunday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

वर्ष २३, अंक २४६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# चिया उद्योगमा ३० लाख बढी अस्थायी कामदार पाउँदैनन् न्यूनतम ज्याला

**दिवाकर अधिकारी/मध्याह्न**
काठमाडौं, २५ असोज

नेपालमा १८ बढी परिवार चिया खेतीमा छन्। व्यावसायिक चिया खेती गर्नेमध्ये ८२ दशमलव ३ प्रतिशत एक हेक्टरभन्दा कम क्षेत्रफलमा खेती गरेका छन्, १६ दशमलव ५ प्रतिशतले एकदेखि १० हेक्टर, शून्य दशमलव ४ प्रतिशतले १० देखि २० हेक्टर र शून्य दशमलव ८ प्रतिशतले २० हेक्टरभन्दा बढी क्षेत्रफलमा चिया खेती गर्छन्।

राष्ट्रिय समावेशी आयोगले चिया श्रमिकको सम्बन्धमा अनुगमन गरेर प्रतिवेदन तयार पारेको छ। जसमा यी विवरण समावेश छन्।

> एकातिर श्रमिकका लागि बसोबासको व्यवस्था खराब छ । शिशु स्याहार केन्द्र छैन । चिया बगानमा विषादी प्रयोग गर्दा मापदण्ड पालना गरिँदैन । अर्कोतिर श्रमिकले न्यूनतम ज्याला पनि पाउँदैनन् ।

प्रतिवेदनअनुसार चिया खेती गर्नेमध्ये ९८ दशमलव ८ प्रतिशतले व्यक्तिगत रूपमा र १ दशमलव २ प्रतिशतले संस्थागत रूपमा चिया खेती गर्दै आएका छन्। चिया खेतीमा रोजगारीको संख्या हेर्दा सञ्चालक/परिवारको सदस्य १८ हजार १ सय ८० जना, तलब ज्याला लिने स्थायी कामदार ३ हजार २ सय ४४ जना र अस्थायी कामदार ३० लाख ९५ हजार २ सय ८४ व्यक्ति रहेका छन्।

राष्ट्रिय समावेशी आयोगले चिया श्रमिकको अवस्थाबारे गरेको अनुगमन प्रतिवेदनले यस्तो तथ्यांक प्रस्तुत गरेको हो। आयोगका सदस्य हरिदत्त जोशी र आयोगका उपसचिव पुष्कर भट्टराईले प्रस्तुत गरेको अनुगमन प्रतिवेदन श्रम ऐन, २०७४ ले गरेको व्यवस्थामा चिया श्रमिकका लागि विशेष व्यवस्थासमेत गरेको छ। ऐनले गरेका व्यवस्थाहरू चिया बगानमा पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन।

'चिया श्रमिकलाई शनिबार बिदा दिने तर ज्याला नदिने गरिएको भन्ने अनुगमनमा देखिएकाले कानुन कार्यान्वयन र अनुगमन व्यवस्थासमेत प्रभावकारी हुन नसकेको देखिन्छ,' प्रतिवेदनमा औंल्याएको छ। श्रमिकहरूलाई साताको एक दिन बिदा दिने र सो अवधिमा पारिश्रमिक कट्टा नगर्ने अन्तर्राष्ट्रिय मान्यता र श्रम ऐन, २०७४ को व्यवस्था छ।

नेपालमा उद्योगको विकासका लागि औद्योगिक व्यवसाय ऐन तथा श्रमिकको हक हित संरक्षणका लागि ट्रेड युनियन ऐनको व्यवस्था गरिएको छ, भने दुवैको हितलाई समेटेर श्रम ऐन कार्यान्वयनमा छ। 'श्रम ऐनले सुनिश्चित गरेका न्यूनतम सेवासुविधा दिन रोजगार दाता तयार भएको देखिँदैन' प्रतिवेदनमा उल्लेख छ। »» पृष्ठ २ मा




कांग्रेस राजनीति

# महाधिवेशनको पापड बेल्दै नेताहरू

**जीवन शर्मा/मध्याह्न**
काठमाडौं, २५ असोज

१४औं महाधिवेशनको चारवर्षे कार्यकाल सकिन लाग्दासमेत देशको पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेसले आफ्नो नियमित महाधिवेशनका लागि पापड बेल्नुपरेको छ। मंसिर मसान्तमा कार्यकाल समाप्त हुने वर्तमान केन्द्रीय समितिको बैठक आज (२८ असोज) बाट बस्दै छ। उक्त बैठकले पार्टी आन्तरिक जीवनसहित पछिल्लो देशको राजनीतिक उथलपुथल र २१ फागुनका लागि सरकारले घोषणा गरेको प्रतिनिधि सभाको निर्वाचनको विषय छलफल गर्नेछ।

केन्द्रीय समिति बैठकको पूर्वसन्ध्यामा पदाधिकारी र पूर्वपदाधिकारी र कार्यसम्पादन समितिको बैठकले भएको थियो। सो छलफल जेनजी आन्दोलनको रापले खुइलिएको कांग्रेसलाई जनतामाझ लैजान नयाँ अनुहार र नयाँ सोचका साथ अघि बढ्नुपर्ने विषयले प्राथमिकता पाएको थियो। तर पार्टीको नियमित महाधिवेशनका सन्दर्भमा समेत पार्टीभित्र ध्रुवीकरण देखिएको छ।

डा. शेखर कोइरालाले आजभन्दा दुई वर्षअघिबाटै समयमा महाधिवेशन गर्ने जग तयार गर्न पार्टी नेतृत्व र पदाधिकारीको ध्यानाकर्षण गर्दै आएका थिए। उनले अहिले पनि नियमित महाधिवेशनलाई नै प्राथमिकता दिएका छन्। तर नियमित महाधिवेशन यो वा त्यो बहानामा टार्ने अवस्था आए विशेष महाधिवेशनका लागि ५० प्रतिशत महाधिवेशन प्रतिनिधिले गरेको हस्ताक्षर बुझाएर अघि बढ्ने तयारी यस समूहको नेताहरूले बताएका छन्। कतिपयले हस्ताक्षर गरेर महामन्त्रीलाई नबुझाई बोकेर बसेका छन्। संस्थापनइतर समूहका नेता कोइराला पक्षले विशेष महाधिवेशन प्राथमिकता दिन नहुने बताएका छन्।

विशेष महाधिवेशनका नाममा फेरि पनि यही कार्यसमितिका सभापति, पदाधिकारीले आफ्नो म्याद थप गर्न खोजेको भन्दै कांग्रेसको नियमित महाधिवेशन मंसिरमै गर्न सकिने केन्द्रीय सदस्य डा. गोविन्दराज पोखरेलको भनाइ छ। 'यस्तो परिस्थितिमा छोटो समयमै नियमित महाधिवेशनको तयारी गर्न »» पृष्ठ २ मा



**डा शशांक कोइराला**
पूर्वमहामन्त्री

"केन्द्रीय समिति विघटन गरेर एक जनालाई कार्यवाहक दिनुपर्छ । कार्यवाहक तोकेपछि उनैले महाधिवेशनको मिति तय गर्छन् । यस्तोमा मंसिरभित्र नियमित महाधिवेशन गर्न सकिन्छ



**डा प्रकाशशरण महत**
प्रवक्ता

"कांग्रेसको नियमित महाधिवेशन विधिसम्मत ढंगले सबैको प्रतिनिधित्व हुनेगरी छिटोभन्दा छिटो गर्नुपर्ने भन्ने अधिकांश नेताहरूको मत रहेको छ



**प्रतिमा गौतम**
केन्द्रीय सदस्य

"नियमित महाधिवेशन नै गर्ने हो । यदि नियमित हुन सक्ने अवस्था नरहेको खण्डमा देशभरका महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर विशेष महाधिवेशन बोलाउन तयारी छ



**भुपेन्द्रजंग शाही**
नेता

"विशेष महाधिवेशनमा पुरानै महाधिवेशन प्रतिनिधिले केन्द्रीय नेतृत्व मात्रै छान्ने हुँदा संरचनागत सुधार हुँदैन । पार्टी रुपान्तरणका लागी समयमा नियमित महाधिवेश नै हुनुपर्छ

## कांग्रेस रूपान्तरण गर्न नियमित महाधिवेशन

नयाँ परिस्थितिअनुसार हाम्रा नीति, कार्यक्रम, नेतृत्व, कार्यशैली सबै बदल्नुपर्नेछ । महाधिवेशनले मात्र रूपान्तरण हुन्छ । पार्टीमा विवादलाई कम गर्दै गुट उपगुटलाई मेटेर १८ देखि ८० वर्षका मान्छेको पार्टी कांग्रेस हो भन्ने बनाउनुपर्छ ।

**डा. गोविन्दराज पोखरेल**
केन्द्रीय सदस्य, नेपाली कांग्रेस



विस्तृत अन्तर्वार्ता
पृष्ठ ५ मा...

वैदेशिक रोजगार विशेष

# एनआरएनएका घटकहरू एकतातर्फ

**मध्याह्न संवाददाता**
काठमाडौं, २५ असोज

आफ्ना एजेन्डाहरुमा वैदेशिक रोजगार र श्रमिकका हक अधिकारलाई पनि प्राथमिकतामा राख्दै आएको गैरआवासीय नेपाली संघ (एनआरएनए)का केही घटकहरूबीच एकता हुने प्रक्रिया अघि बढेको छ। संघको स्थापना दिवसका अवसरमा शनिबार आयोजित पत्रकार सम्मेलनमा संस्थापन पक्षका अध्यक्ष डा. बद्री केसीले गत महाधिवेशनका दुई प्रतिस्पर्धी महेश श्रेष्ठ र आरके शर्माबीच भएको छलफल सकारात्मक रहेको उल्लेख गर्दै दुई दिनभित्र एकता घोषणा हुने दाबी गरे।

केसीले संघको वर्तमान कार्यसमितिको अवधि थप ६ महिना रहने बताउँदै उक्त अवधिभित्र पूर्ण एकता र नयाँ महाधिवेशन सम्पन्न हुने विश्वास व्यक्त गरे।

'नेपालीका लागि नेपाली' भन्ने मूल मन्त्रका साथ सन् २००३ मा




सुरु गरिएको गैरआवासीय नेपाली अभियान शनिबारबाट २२ वर्ष पूरा भएको छ। संघले विभिन्न मुलुकमा छरिएका नेपालीहरूले आर्जन गरेको ज्ञान, सीप, प्रविधि र पुँजीलाई मातृभूमिको सामाजिक तथा आर्थिक विकासमा उपयोग गर्ने उद्देश्य दोहोऱ्याएको छ। »» पृष्ठ २ मा

## केही एनआरएनएका गलत धन्दा

**काठमाडौं/मस**– गैरआवासीय नेपाली संघ (एनआरएनए)ले वैदेशिक रोजगारमा रहेका नेपालीहरूको सुरक्षा र हितका लागि संघ प्रभावकारी भएको दाबी गरिरहँदा वैदेशिक रोजगारमा रहेका कामदारहरूले भने फरक प्रतिक्रिया दिएका छन्।

उनीहरूले श्रम गन्तव्य मुलुकमा ट्राभल्स एजेन्सी सञ्चालन गरेका केही गैरआवासीय नेपालीहरूले हवाई टिकट, »» पृष्ठ २ मा

# अप्ठ्यारोमा प्रधानमन्त्री
## जेनजी र दलहरूको सेतु बन्न हम्मेहम्मे

एकातिर राजनीतिक दलहरु सत्ताबाट हट्नुपरेको पीडामा प्रधानमन्त्रीमाथि आक्रोश पोखिरहेका छन् । अर्कोतिर जेनजी पुरानै राजनीतिक शक्तिसँग सौदाबाजीमा रहने हो कि भनेर खबरदारी गरिरहेका छन् ।



**मुकुन्द लामिछाने/मध्याह्न**
काठमाडौं, २५ असोज

प्रधानमन्त्री सुशीला कार्की राजनीतिक दलहरू र जेनजीको विश्वास जितेर काम गर्नुपर्ने दबाबमा छिन्। शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले राखेको सर्वदलीय बैठकमा »» पृष्ठ २ मा



कसैको दयामाया र कृपाले नभई जेनजी विद्रोहको बलमा अन्तरिम सरकार गठन भएको हुँदा यसले भित्रीबाहिरी कुनै शक्तिको डरत्रास नमानी प्राप्त कार्यादेश पूरा गर्नेतर्फ दत्तचित्त भएर लाग्नुपर्छ।

● **डा. बाबुराम भट्टराई**
पूर्वप्रधानमन्त्री



जेनजीको आन्दोलनको बलमा प्रधानमन्त्रीको कुर्सीमा विराजमान हुनुहुन्छ तर असली जेनजी अगुवा चिनेको छैन भनेर बोल्नुहुन्छ, उहाँको अभिव्यक्ति हास्यास्पद त हो नै, आपत्तिजनक पनि छ।

● **प्रभु साह**
अध्यक्ष, आजपा

कर्मचारी आवश्यकता
यस कम्पनीलाई निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Document Controller - 2 (Female)
- Experienced in Computer Skills.
- 3 years work experienced in related fields.
- Bachelors passed required.
Public Relation Officer(PRO) - 1 (Male/Female)
- Experienced in Hospitality, Facilities Management & Construction.
Receptionist - 1 (Female)
- Experienced in Related Fields.
Drop your CV at Poc@lifelineoverseas.com
LifeLine Overseas Pvt. Ltd.
लाईफ लाईन ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-४९०४२८८, ४९०४५२२, ४९०३६४१, ९८५११८०९५४

मध्यान्ह
www.madhyanhadaily.com

२६ असोज २०८२ आइतबार
12 October 2025 Sunday

# ‘जेनजी’ पुस्ताको प्रतिनिधित्व हुनेगरी महाधिवेशन सुनिश्चित गर्न कांग्रेसको ध्यानाकर्षण

**ललितपुर/मस**–नेपाली कांग्रेसका युवाहरूले ‘जेनजी’ पुस्ताको प्रतिनिधित्व हुनेगरी महाधिवेशन सुनिश्चित गर्न पार्टीको ध्यानाकर्षण गराएका छन् ।



शनिबार पार्टी केन्द्रीय कार्यालयमा जारी केन्द्रीय पदाधिकारी, पूर्वपदाधिकारी एवम् केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारीहरूको ध्यानाकर्षण गराउँदै युवाहरूले पार्टीलाई युवामैत्री, चलायमान र जिम्मेवार संस्था बनाउन आग्रह गरेका हुन् ।

नेपाल विद्यार्थी सङ्घका केन्द्रीय सदस्य आकाश उप्रेतीले भने,‘पार्टी विषम परिस्थितिबाट गुज्रिरहेको छ, पार्टीको हरेक तहका समितिहरू अधिवेशनको संघारमा भए पनि महाधिवेशन हुने नहुने अन्योलता छ । त्यसैले जेनजी प्रदर्शनपछिको अवस्थालाई ध्यान दिँदै पार्टी संगठनमा युवाहरूका लागि खुला पार्टीका रूपमा स्थापित गराउन, मुलुकमा व्याप्त व्यथितिप्रति प्रगतिशील विचार भएका जेनजी समूहलाई आउँदो महाधिवेशनमार्फत सबै तहमा स्थापित गराउनु अनिवार्य छ । यसै विषयमा ध्यानाकर्षण गराएका छौं ।’

युवाहरूले सबै तहका निर्वाचनमा कम्तीमा पनि ४० प्रतिशत युवालाई पार्टीको उम्मेदवारका रूपमा अगाडि बढाउनुपर्ने व्यवस्था विधानमा नै उल्लेख गराउन, पार्टीका विभिन्न तहका समितिमा आउन हाल रहेका प्रतिबन्धात्मक व्यवस्था निलम्बर गर्न, पार्टीमा मनोनित र प्रतिनिधित्व गरिने पदहरूमा समावेशितालाई ध्यानमा राखी ४० प्रतिशत युवाको प्रतिनिधित्व सुनिश्चित गराउन ध्यानाकर्षण गराएका छन् ।

ध्यानाकर्षण पत्र बुझ्दै पार्टी उपसभापति धनराज गुरुङले युवाहरूको माग सकारात्मक रहेको र यसलाई सम्बोधन गर्न छलफल गरिने बताए ।

‘युवा वर्गलाई निरुत्साहित गरिनु हुँदैन, उनीहरूको मागलाई सम्बोधन गर्नुपर्छ, निश्चित व्यवस्था गर्नुपर्छ । यस विषयमा छलफल हुन्छ’, उनले भने ।

यस्तै, सूचना तथा सञ्चार विभाग प्रमुख मीन विश्वकर्माले ‘जेनजी’ समूहबारे राखिएका माग सकारात्मक रहेकाले निश्चित व्यवस्था गर्न पहल गर्ने बताए ।

पार्टी केन्द्रीय सदस्य एवम् पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसीले सबै समूहको एकताबाट मात्र पार्टीको हित हुने धारणा राखे । उनले युवा पुस्तालाई बाहिर राखेर पार्टीलाई संगठित र सशक्त बनाउन नसकिने भन्दै जनतामाझ जानका लागि पनि युवा प्रतिनिधित्वको विषय सम्बोधन गरिनुपर्नेमा जोड दिए ।

## चिया...

अनुगमन प्रतिवेदनअनुसार कार्यान्वयन गराउने दायित्व भएका श्रम प्रशासनको उपस्थिति अत्यन्त न्यून रहनुका कारणले प्रतिष्ठानस्तरमा श्रम कानुन कार्यान्वयन जटिल बन्दै गएको छ।

कानुनको कार्यान्वयनका लागि व्यवस्था भएका संस्थागत संरचनागत व्यवस्था गरिएको छ । न्यूनतम पारिश्रमिक निर्धारण गर्न त्रिपक्षीय संयन्त्रको व्यवस्था गरिएको छ । तर पारिश्रमिक निर्धारणको आधार र मापदण्डबिना नै न्यूनतम पारिश्रमिक निर्धारण हुने गरेको छ ।

प्रतिवेदनअनुसार न्यूनतम आवश्यकता पूरा गर्न तोकिएका ज्याला संरचना, श्रम मापदण्ड तथा स्वास्थ्य मापदण्ड र आधारभूत मानव अधिकारको प्रत्याभूत नगरी दिँदा उत्पादकत्वमा सुधार हुन सक्दैन । व्यवसायीमा यी पक्षको उपेक्षा गर्ने बानी रहेको छ ।

प्रतिवेदनमा अगाडि भनिएको छ, ‘श्रमिकको आवासको स्थिति कमजोर रहेको, पानी चुहिने, शिशु स्याहार केन्द्र र सुसारेको व्यवस्था नरहेको, विषादी प्रयोग गर्दा मापदण्डअनुसारको व्यक्तिगत सुरक्षा सामग्रीको न्यून प्रयोग गरेको अवस्थासमेत रहेकाले श्रम कानुनको कार्यान्वयन र अनुगमन कमजोर रहेको अवस्था उजागर गरेको छ ।’

अवस्था सुधारका लागि आयोगले श्रमिकहरूको न्यूनतम ज्याला निर्धारणका आधार र मापदण्ड तयार गरी लागू गर्न भनेको छ ।

‘श्रमिकले पाउने सेवासुविधाको अग्रिम जानकारी गर्नुपर्छ । श्रमिकहरूको नियुक्तिपत्र वा रोजगार सम्झौताबिना काममा लागाउने प्रचलनको अन्त्य गर्ने,’ अगाडि भनिएको छ, ‘नियुक्तिपत्र वा रोजगार सम्झौता नगरी काममा लगाइएको पाइएमा श्रम कानुनको उल्लंघन मानेर आर्थिक जरिमाना गर्ने, श्रमिकहरूको नियुक्तिपत्र वा रोजगार सम्झौताबिना काममा लगाइएका श्रमिकको दुर्घटना परेमा सम्पूर्ण क्षतिपूर्ति व्यवसायीले तिर्नुपर्नेगरी कानुनी व्यवस्था गर्नुपर्छ ।’

## महाधिवेशनको...

पार्टीका सबै तहबाट लाग्नुपर्छ सम्भव छ । यदि कुनै पनि हालतमा नियमित नहुने अवस्था भए मात्रै विशेष महाधिवेशनबाट नयाँ नेतृत्वसहित नयाँ नीति लिएर आगामी चुनावमा जानुपर्छ,’ उनले मध्यान्हसँग भने, ‘नयाँ परिस्थितिअनुसार हाम्रा नीति, कार्यक्रम, नेतृत्व, कार्यशैली सबै बदल्नुपर्नेछ । महाधिवेशनले मात्र रूपान्तरण हुन्छ ।’

यद्यपि कांग्रेसको संस्थापन समूहका नेताहरूले नियमित महाधिवेशनका नाममा कार्यावधि थप गर्ने योजना बनाएको महामन्त्री गगन थापा समूहका नेताहरूले आरोप लगाएका छन् । ‘सकभर नियमित महाधिवेशन नै गर्ने हो । यदि नियमित हुन सक्ने अवस्था नरहेको खण्डमा देशभरका महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर विशेष महाधिवेशन बोलाउन तयारी छ । विशेष महाधिवेशनमा जानुको विकल्प छैन,’ केन्द्रीय सदस्य प्रतिमा गौतमले भनिन् । संस्थापन पक्षका नेताहरूले भने विशेष महाधिवेशनमा जान नहुने स्पष्ट जवाफ दिएको छ ।

पार्टी पुनर्गठनका लागि वर्तमान केन्द्रीय समिति नै भंग गरेर कोही नेतालाई कार्यवाहक तोकेर जानुपर्ने विषयमा समेत बहस हुन थालेको छ । कांग्रेसका पूर्वमहामन्त्री शशांक कोइरालाले केन्द्रीय समिति भंग गरी कार्यवाहक सभापति तोक्न माग गरे । कोइरालाले भने, ‘अब विशेष र नियमित महाधिवेशन भनेर अल्झिरहनुहुँदैन । नियमित महाधिवेशन गर्नैपर्छ । केन्द्रीय समिति विघटन गरेर एक जनालाई कार्यवाहक दिनुपर्छ । कार्यवाहक तोकेपछि उनैले महाधिवेशनको मिति तय गर्छन् । यस्तोमा मंसिरभित्र महाधिवेशन गर्न सकिन्छ ।’

कार्यसम्पादन परामर्श समितिको बैठकले केन्द्रीय समितिको बैठक दुई दिनका लागि सार्न परामर्श दिएको र सोहीअनुसार बैठकको मिति २८ गतेलाई सारिएको पार्टी प्रवक्ता डा. प्रकाशशरण महतले बताए । संसद् विघटन असंवैधानिक भए पनि राजननीतिक दृष्टिकोणबाट निर्वाचनमा जाने विषयमा पनि छलफल भइरहेको उनको भनाइ छ । ‘छलफलमा कांग्रेसको नियमित महाधिवेशन विधिसम्मत ढंगले सबैको प्रतिनिधित्व हुनेगरी छिटोभन्दा छिटो गर्नुपर्ने भन्ने अधिकांश नेताहरूको मत रहेको छ,’ उनले भने ।

पार्टीलाई जनतामाझ जाने सक्ने बनाउन नियमित महाधिवेशन नै उपयुक्त हुने नेताहरूको भनाइ छ । जेनजी आन्दोलनपछि पार्टीलाई पुनर्संरचित गरेर जानुपर्ने भएकाले कोही नेतृत्व मात्रै परिवर्तन हुँदैमा पार्टी नयाँ ढंगले जान नसक्ने युवा नेता भूपेन्द्रजंग शाहीले बताए । ‘नेपाली कांग्रेसमा व्यापक सुरधार र आमूल रूपान्तरणको खाँचो छ । विशेष महाधिवेशनका लागि ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर बुझाएपछि तीन महिना लाग्छ । विशेष महाधिवेशनमा पुरानै महाधिवेशन प्रतिनिधिले केन्द्रीय नेतृत्व मात्रै छान्ने हुँदा कुनै पनि संरचनागत सुधार हुने अवस्था रहँदैन । पार्टी रूपान्तरण हुँदैन ।’ मंसिरमा कार्यकाल सकिने भएकाले मंसिरमा नियमित महाधिवेशनकै लागि संरचना तयार गरिनुपर्ने उनको भनाइ छ ।

गाउँ तहदेखि नै क्षेत्र, जिल्ला प्रदेश र केन्द्रसम्म फ्रेस अनुहार लिएर जनतामाझ जाने सके मात्रै कांग्रेसमा रूपान्तरणको अनुभूति हुने उनले जिकिर गरे । मंसिरमा हुनुपर्ने नियमित महाधिवेशन विधानतः एक वर्षपछि सारेर जाने विषयमा यसअघि नै पार्टी सभापतिसहित पदाधिकारीबीच भद्र सहमति भएको थियो । तर पछिल्लो जेनजीको आन्दोलनबाट राज्य प्रणाली र राजनीतिक दलहरू नै क्षतविच्छेदजस्ता बनेका छन् । यस्तो अवस्थामा पार्टीलाई जनतामाझ लैजान पुरानै नेतृत्वबाट सम्भव नेताहरूले देखेका छैनन् ।

जेनजी आन्दोलनपछि मुलुकको बिँग्रदो राजननीतिक अवस्थाबारे चिन्ता व्यक्त गर्दै मूलधारका दलसँगको समन्वयमा देशको संकटपूर्ण अवस्थालाई संवैधानिक र कानुनीतवरबाटै समाधान खोज्न कांग्रेसले आवश्यक पहल गर्नुपर्नेमा नेताहरूले जोड दिएका छन् । पार्टीका प्रवक्ता डा. प्रकाशशरण महतले भने, ‘मुलुकको राजनीतिक अवस्था अत्यन्त तरल छ । जेनजी आन्दोलनका नाममा देशका सबै संयन्त्र ध्वस्त भएका छन् । शान्ति सुरक्षादेखि भूराजनीतिक विषयलाई समेत मिहीन ढंगले अध्ययन गरेर मूलधारका सबै राजनीतिक दललाई समेत सँगै लिएर समस्या समाधान गरिनुपर्छ भन्ने विषयमा नेताहरूको चासो र चिन्ता रहेको छ ।’

## एनआरएनएका...

स्थापना दिवसका अवसरमा संघले आर्थिक तथा सामाजिक क्षेत्रमा लगानी बढाउने र वैदेशिक रोजगारमा रहेका नेपालीहरूको हित र कल्याणका लागि काम गर्दै आएको जनाएको छ । तर पछिल्ला वर्षहरूमा राजनीतिक दलहरूको प्रभावका कारण संघमा आबद्ध गैरआवासीय नेपालीहरू विभिन्न गुटमा विभाजित हुँदा वैदेशिक रोजगारमा रहेका नेपालीको संरक्षण, लगानी र सामाजिक कार्य प्रभावित भएको संघले स्वीकार गरेको छ ।

अध्यक्ष केसीले संघमा नेपाली राजनीतिको प्रभाव परेको स्वीकार गर्दै अग्रजहरूको अथक प्रयास र समर्पणले बनेको संस्थालाई अब राजनीतिक प्रभावबाट मुक्त गरेर स्थापना कालको उद्देश्यअनुसार अघि बढाउने प्रतिबद्धता जनाए ।

उनका अनुसार संघ नेपाल र विदेशमा रहेका नेपालीका लागि आशाको केन्द्रका रूपमा स्थापित भएको छ । उनले २२ वर्षको अवधिमा संघले ९० भन्दा बढी देशमा औपचारिक सञ्जाल विस्तार गरेको जानकारी दिँदै भने, ‘यो संसारकै अनौठो उदाहरण हो, यति व्यापक रूपमा संगठित अर्को संस्था छैन ।’

केसीले विभिन्न मुलुकमा छरिएका नेपाली समुदायलाई एउटै सूत्रमा बाँध्न संघ सफल भएको बताउँदै नेपालको विकासका लागि नवगठित सरकारसँग पनि सहकार्य गर्न तत्पर रहेको बताए ।

उनले भदौ २३ र २४ गतेको ‘जेनजी आन्दोलन’का कारण देशमा भएको क्षति र नोक्सानीले नेपाल अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा उक्लिने सम्भावना टरेको बताए । यस्तो अवस्थामा विदेशी लगानी घट्न सक्ने जोखिम रहेकाले गैरआवासीय नेपालीहरूको लगानी अझ महत्वपूर्ण बनेको उनको भनाइ छ ।

केसीले २२ वर्षको अवधिमा गैरआवासीय नेपालीहरूले नेपालका जलविद्युत्, बैंकिङ, पर्यटन, स्वास्थ्य र शिक्षा लगायतका क्षेत्रमा उल्लेख्य लगानी गरेको उल्लेख गरे ।

उनका अनुसार एनआरएन नेपाल डेभलपमेन्ट फन्ड सञ्चालनको अन्तिम चरणमा छ । उक्त कोषमार्फत विदेशमा रहेका ठुला लगानीकर्ता मात्र होइन, साना तथा मझौला लगानीकर्तालाई पनि देशमा लगानी भित्र्याउने प्रयास भइरहेको छ ।

केसीले वैदेशिक रोजगारमा रहेका नेपालीहरूको सुरक्षा र हितका लागि संघले प्रभावकारी रूपमा काम गर्दै आएको दाबी पनि गरे । उनले भने, ‘संघ श्रमिकमैत्री बनेको छ । आप्रवासन र वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउन नेपाल सरकार, रिटर्नी फेडेरेसन नेपाल र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य भइरहेको छ ।’

अध्यक्ष केसीले २२औं स्थापना दिवसको अवसरमा संघ स्थापना कालदेखिका माग र मुद्दाहरू क्रमशः सम्बोधन हुँदै गएको बताए । उनका अनुसार विदेशमा बस्ने नेपालीका लागि सरकारले गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने कानुनी बाटो खोल्नु ठुलो उपलब्धि हो । विदेशमा रहेका नेपालीहरूको मताधिकार सुनिश्चित गर्न वर्तमान सरकार सकारात्मक रहेको पनि उनले बताए ।

संघले स्थापना दिवसका अवसरमा पशुपतिनाथ र स्वयम्भूमा विशेष पूजाआजासहित विभिन्न सामाजिक कार्यक्रम सम्पन्न गरेको जनाएको छ ।

# रुकुमपूर्वको रुमालबारमा जिप दुर्घटना



**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, २५ असोज

रुकुमपूर्वको सिस्ने गाउँपालिका-५ रुमालबारास्थित कच्ची सडक खण्डमा पिकअप जिप दुर्घटना भएको छ ।

जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वका अनुसार शनिबार दिउँसो करिब ४ बजे रुकुमकोटबाट चुनवाङतर्फ जाँदै गरेको लु २ च १४४२ नम्बरको खुद्रा सामान बोकेको पिकअप जिप सडकमै पल्टिएको हो ।

भूमे गाउँपालिका -२ बस्ने २४ वर्षिय चालक विजय बुढा मगरले चलाइरहेको उक्त जिप सडकको किनारमा रोकी राखेको अवस्थामा अचानक ब्याक भएर पल्टिएको प्रहरीले जनाएको छ । दुर्घटनामा मानवीय क्षति भने भएको छैन ।

# नेपालञ्जका होटलमा प्रहरीको छापा, ४५ जना पक्राउ




नेपालगञ्ज/मस-नेपालगञ्जका चार होटल तथा रेष्टुरेन्टमा प्रहरीले छापा हानेर ४५ जनालाई नियन्त्रणमा लिएको छ । ती होटल तथा रेष्टुरेन्टमा अनैतिक गतिविधि तथा कार्य भएको गुनासो आएपछि छुट्टाछुट्टै टोली बनाएर होटल तथा रेष्टुरेन्टमा छापा हानिएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायब उपरीक्षक दीपक पातलीले जानकारी दिए ।

उनले होटल तथा रेष्टुरेन्ट सञ्चालकलाई नियन्त्रणमा लिइएको उल्लेख गर्दै अनुसन्धान जारी रहेको बताए ।

प्रहरीले नेपालगञ्जको मिलन कटेज, भेरी कर्णाली होटल, रिभरसाइड र दङ्गाली होटलमा छापा मार्दा ३१ महिला र १४ पुरुष नियन्त्रणमा लिइएको जनाएको छ । पक्राउपर्नेमा आठ जना भारतीय युवकसमेत रहेका छन् ।

# राहतदेखि पुन:निर्माणसम्मको काम सरकारको प्राथमिकतामा छः मन्त्री घिसिङ

**इलाम/मस**–भौतिक योजना तथा यातायात मन्त्री कुलमान घिसिङले सरकारको प्राथमिकतामा राहत र पुन:निर्माण रहेको बताएका छन् ।



शनिबार बाढीपहिरो प्रभावित इलामको स्थलगत निरीक्षणपछि उनले भने, ‘सरकार प्रभावित नागरिकसँगै छ, तत्कालीन राहत र दीर्घकालीन पुनर्निर्माणका काम अघि बढाइनेछ ।’

रोङ गाउँपालिका, सूर्योदय नगरपालिका हुँदै इलाम नगरपालिका-१० राजदुवाली आइपुगेका मन्त्री घिसिङले इलाम, सन्दकपुर, माईजोगमाई र वरपरका बस्तीमा पुगेर स्थानीयवासीसँग क्षति र राहत व्यवस्थाबारे जानकारी लिनेछन् ।

उनले राजदुवाली सडक, मिल घुम्तीलगायतका क्षतिग्रस्त सडक र संरचनाको अवस्था अवलोकन गरेका छन् । गत असोज १८ गते रातिको भीषण वर्षापछि ठूलो जनधनको क्षति भएकाले सरकारले इलामलाई तीन महिनाका लागि संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । बाढी र पहिरोका कारण अहिलेसम्म इलाममा ३९ जनाको मृत्यु भएको छ ।

# त्रिविको जग्गा खोजबिन समितिको प्रतिवेदन कार्यान्वयन हुँदै

**काठमाडौं/मस**-शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ सार्वजनिक गरी कार्यान्वयनको तयारी गरेको छ ।



मन्त्रिपरिषद्को यही असोज २३ गतेको बैठकले प्रतिवेदन सार्वजनिक र कार्यान्वयन गर्न जिम्मेवारी दिएपछि मन्त्रालयले सोको तयारी गरेको हो । शिक्षामन्त्री महावीर पुनले आफूले प्रतिवेदन सार्वजनिक गर्न निर्देशन दिएको सामाजिक सञ्जालबाट जानकारी दिए ।

गत पुस २ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र विश्वविद्यालयका पदाधिकारीसहितको उपस्थितिमा खोजबिन समितिका सदस्य महेन्द्र थापाले सो प्रतिवेदन हस्तान्तरण गरेका थिए । २०८० जेठ १७ गते मन्त्रिपरिषद्बाट पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको थियो ।

प्रतिवेदनले २०१३ सालदेखिका त्रिविको कीर्तिपुर, नैकाप, ढुंगेअड्डा, पाटनलगायत काठमाडौं उपत्यकाका २१ वटा क्याम्पसका जग्गाको अवस्था, दुरूपयोग र उपयोगका लागि समाधानका उपायसमेत सुझाएको थियो । समितिले जग्गाको दुरूपयोग भएका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र नेपाली प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोमा लेखी पठाउन पनि सुझाव दिएको थियो ।

## केही...

श्रम नवीकरण र नयाँ रोजगारी खोजी दिने भन्दै शोषण गरेको गुनासो गरेका छन् ।

मलेसियामा गैरआवासीय नेपाली अगुवाहरूले सञ्चालन गरेका ट्राभल्सहरूले नेपाल फर्किने टिकटका लागि १४ सय रिँगेट, ओभरस्टे भएर स्वदेश फर्किने कामदारले अध्यागमनमा ५ सय २० रिँगेट तिर्नुपर्ने भएपनि नेपाली राजदूतावासबाट दिइने ट्राभल डकुमेन्ट र जरिमानाका लागि भन्दै ९ सय रिँगेट उठाउने गरेको गुनासो छ ।

यस्तै अवस्था युएईमा पनि रहेको नेपाली कामदारको गुनासो छ । यस्तो ठगीमा नेपाली राजदूतावासमा बाक्लो रूपमा आवतजावत गर्ने पहुँचवाला एनआरएनहरूको प्रत्यक्ष-अप्रत्यक्ष संलग्नता रहेको बताइएको छ ।

## अप्ठ्यारोमा...

सहभागी भइन् । शनिबार जेनजीका प्रतिनिधिहरूसँग छलफलमा रहिन् ।

सर्वदलीय बैठक र जेनजीसँगको छलफलको केन्द्रमा प्रधानमन्त्री कार्की परिन् । दुवै पक्षले उनैमाथि शंका र प्रश्न गरे । राजनीतिक दलले समयमा चुनाव हुन्छ कि हुँदैन भनेर प्रश्न मात्रै गरेनन्, चुनावमा सहभागी हुने वातावरण बन्दैन कि भनेर आशंकासमेत गरे । जवाफमा प्रधानमन्त्री कार्कीले चुनावमा सहभागी भएर अगाडि बढ्न दलहरूलाई आग्रह गरिन् । उस्तै अवस्था जेनजीसँगको छलफलमा पनि रह्यो । सरकार समयमा चुनाव नगर्नेतिर लाग्ने हो कि भन्ने समाजमा उठेको प्रश्न के हो भनेर जेनजीका प्रतिनिधिहरूले गरे । जवाफमा प्रधानमन्त्री कार्कीले चुनावकै लागि आफू प्रधानमन्त्री बनेको बताइन् ।

जेनजीको आन्दोलनकै जगमा प्रधानमन्त्री बनेकाले जेनजीका प्रतिनिधिहरूले धेरै प्रश्न गर्नु स्वाभाविक थियो । त्यसक्रममा उनीहरूले आइएनिओको जस्तो सरकार हुन पुगेको भनेर भएको टिप्पणी प्रधानमन्त्री कार्कीसमक्ष राखे । यस्तो भाष्यको तथ्य कतै भेटिए त्यो सैह्य नहुने चेतावनी दिए । उस्तै गरी अघिल्लो दिन दलहरूले भूराजनीतिक चलखेलको कुरा गर्दै सरकारको अन्तर्राष्ट्रिय सम्बन्धबारे चासो राखेका थिए ।

राजनीतिक दलहरूले जस्तै जेनजीले पनि शंकायुक्त प्रश्न गरेपछि शनिबार जेनजीसँग प्रधानमन्त्री कार्की केही गरम भएर प्रस्तुत भइन् । आफू आन्दोलनको बलमा बनेको अन्तरिम सरकारको नेतृत्वमा रहेको र आन्दोलन नेपाली नवयुवाले गरेकोमा प्रस्ट हुन आग्रह गर्दै उनले अन्तर्राष्ट्रिय चलखेल र सम्बन्धबारेको प्रश्नमा धेरै व्याख्या गरिनन् । बरु जेनजीले समेत यस्तो प्रश्न गरेकोमा आक्रोश पोखिन् ।

एकातिर राजनीतिक दल सत्ताबाट हट्नुपरेको पीडामा प्रधानमन्त्रीमाथि आक्रोश पोखिरहेका छन् । सरकारले भ्रष्टाचार र सुशासनका सन्दर्भमा लिन सक्ने कदमप्रति दलहरू सशंकित छन् । अर्कोतिर जेनजी पुरानै राजनीतिक शक्तिसँग सौदाबाजीमा रहने हो कि भनेर खबरदारी गरिरहेका छन् । यस्तो अप्ठ्यारो गुजार्दै अगाडि बढ्दै गरेकी कार्की भने चुनाव हुने र गर्नुपर्नेमा दृढ रहेको बताउँछिन् ।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई भने सरकारलाई जेनजी आन्दोलनको वास्तविक प्रतिनिधिबारे प्रस्ट हुन सुझाउँछन् । ‘असफलता टुहुरो भए पनि सफलताका सय जना पिता हुन्छ’ भन्ने भनाइ उद्धृत गर्दै डा. भट्टराईले सामाजिक सञ्जालमार्फत सरकारलाई आन्दोलनका वास्तविक प्रतिनिधि चिनेर अगाडि बढ्न आग्रह गरेका हुन् । उनले लेखेका छन्, ‘भदौ २३ गते जेन-जी आन्दोलन सुरु हुँदा जसले औपचारिक रूपमा पहल गरेका र सडकमा नेतृत्व गरेका थिए तिनलाई नै मुख्य प्रतिनिधि मान्ने र जसले पछि सहयोग गरे तिनलाई सहयोगी मान्ने कुरा नै सही हुन्छ ।’ उनको थप सुझाव छ, ‘अहिलेको अन्तरिम सरकार कसैको दयामाया र कृपाले नभई जेन-जी विद्रोहको बलमा र ऐतिहासिक आवश्यकताले गठन भएको हुँदा यसले भित्रीबाहिरी कुनै शक्तिको डरत्रास नमानी आफ्नो निष्ठा आन्दोलनकारीप्रति रहेकोमा प्रस्ट हुँदै प्राप्त कार्यादेश पूरा गर्नेतर्फ दत्तचित्त भएर लाग्नुपर्छ ।’

आमजनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साह भने प्रधानमन्त्री कार्कीले रियल जेनजी चिनेको छैन भनेको भन्दै त्यसलाई हास्यास्पद अभिव्यक्तिको संज्ञा दिन्छन् ।

आजपाको काठमाडौं उपत्यका विशेष कमिटीको शनिबार काठमाडौंमा बसेको बैठकलाई सम्बोधन गर्दै साहले भने, ‘जेनजीको आन्दोलनको बलमा प्रधानमन्त्रीको कुर्सीमा विराजमान हुनुहुन्छ तर असली जेनजी अगुवा को हो ? चिनेको छैन भनेर बोल्नुहुन्छ, उहाँको अभिव्यक्ति हास्यास्पद त हो नै, आपत्तिजनक पनि छ ।’

# महेशपुर सीमा नाकामा बस र टेम्पोबीचको चार वर्षदेखिको विवाद यथावत्

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २५ असोज



नेपाल-भारत सीमावर्ती पश्चिम नवलपरासी जिल्लाको महेशपुर सीमा नाकामा बस र टेम्पो व्यवसायीबीचको विवाद चार वर्षदेखि यथावत् रहेको छ। जारी विवाद समाधान नहुँदा यातायात मात्र होइन, स्थानीय बजारसमेत प्रभावित भएको छ।

बस व्यवसायीहरूले टेम्पो व्यवसायीले सीमा नाकाबाट यात्रु उठाएर गन्तव्यसम्म पुऱ्याउँदा आफ्नो लगानी डुब्ने अवस्था आएको गुनासो गरेका छन् । बस व्यवसायी मुजीम मोमिनले भने, 'हामीले २० देखि ३० लाख रुपैयाँ लगानी गरेर बस किन्छौं, तर टेम्पोले यात्रु बोकेपछि बस खाली गुडाउनुपर्ने अवस्था छ ।'

यात्रु नआउँदा बजारमा कारोबार घटेको व्यापारीहरूको गुनासो छ । 'बजारमा मान्छे आउनै छाडेपछि व्यापार नै सुकेको छ,'एक स्थानीय व्यापारीले भने ।

उता टेम्पो व्यवसायीहरूले भने उल्टै बस व्यवसायीहरूले नै सीमा नाकामै यात्रु ओसार्ने गरेको आरोप लगाएका छन् । 'टेम्पोले मात्र यात्रु बोक्छ भन्ने गलत हो । बसवालाहरू पनि नाकामै यात्रु चढाउँछन् । समस्या समाधान गर्न निष्पक्ष निर्णय हुनुपर्छ,'उनीहरूले भने ।

व्यवसायीहरूले पटक-पटक पालिका, जनप्रतिनिधिहरू र यातायात व्यवस्था कार्यालयलगायत सम्बन्धित निकायमा ध्यानाकर्षण गराए पनि अहिलेसम्म कुनै ठोस कदम नचालिएको गुनासो छ ।

यात्रुहरूले भने करिब ८ सय मिटर दूरी रहेको महेशपुर बसपार्कसम्म टेम्पोहरूले बढी भाडा असुल्ने गरेको आरोप लगाएका छन् । 'थोरै दूरीमा मनपरी भाडा लिन्छन्, जसले हामीलाई दैनिक असुविधा पर्छ,'यात्रुहरूले भने ।

विवाद दीर्घकालीन बन्दै जाँदा यात्रु, व्यवसायी तथा स्थानीय सर्वसाधारण सबै प्रभावित भएका छन् । स्थानीयवासीहरूले तत्काल दुवै पक्षबीच सहमति गराएर यातायात प्रणाली व्यवस्थित गर्न सम्बन्धित निकायलाई आग्रह गरेका छन् ।

# लुम्बिनी प्रदेश सरकारद्वारा खर्चमा मितव्ययिता अपनाउन निर्देशन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
देउखुरी, २५ असोज



देशको आर्थिक अवस्था र स्रोत सीमिततालाई मध्यनजर गर्दै लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षमा खर्च कटौती गर्ने निर्णय गरेको छ । प्रदेश सरकारका मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा शनिबार देउखुरीमा बसेको मन्त्रिपरिषद् बैठकले सबै मन्त्रालय र मातहतका निकायहरूलाई मितव्ययिता अपनाउन निर्देशन दिएको हो ।

बैठकले चालु आर्थिक वर्ष २०८२/०८३ का लागि योजना तथा कार्यक्रम कार्यान्वयनमा विनियोजन भएको रकमको ८० प्रतिशतलाई अधिकतम सीमा मानी अघि बढ्ने निर्णय गरेको छ। सो निर्णयका बारेमा आन्तरिक मामिला तथा सञ्चारमन्त्री जन्मजय तिमिल्सिनाले जानकारी दिएका छन् ।

बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त मार्गदर्शन र नेपाल सरकारको निर्देशनका अतिरिक्त खर्च व्यवस्थापनमा थप व्यवस्था मिलाउने निर्णय पनि गरेको छ ।

त्यस्तै, चालु आर्थिक वर्षमा कार्यान्वयन हुने बजेटका क्रममा दोहोरो प्रविष्टि भएका आयोजना, कार्यक्रम तथा क्रियाकलापमध्ये एउटा मात्र कार्यान्वयन गरी बाँकी रोक्का गर्ने र विभिन्न शीर्षकमा २० प्रतिशत रकम रोक्का गर्ने निर्णय गरिएको एक मन्त्रीले बताए ।

पुँजीगत खर्च शीर्षकमा सम्पूरक अनुदानबाट सञ्चालित आयोजना, बहुवर्षीय आयोजना र सडकतर्फको नियमित मर्मत-सम्भार तथा खानेपानी तर्फका योजनाबाहेकका आयोजनामा विनियोजित बजेटको २० प्रतिशत रकम रोक्का गर्ने निर्णय गरिएको छ ।

त्यस्तै, चालु खर्च शीर्षकमा अनुगमन तथा मूल्यांकन खर्च, कार्यक्रम खर्च, मसलन्द तथा कार्यालय सञ्चालन खर्च, विविध कार्यक्रम खर्च, सीप विकास तथा जनचेतना, तालिम तथा गोष्ठी सम्बन्धी खर्च, र सेवा परामर्श खर्च शीर्षकमा विनियोजित बजेटको २० प्रतिशत रकम रोक्का गर्ने निर्णय गरिएको छ । बाँकी योजना भने लागतअनुसार नै कार्यान्वयन गरिने बताइएको छ। मन्त्रिपरिषद् बैठकले युवाहरूको भावना र मर्मलाई आत्मसात गर्दै प्रदेशमा सुशासन प्रवर्द्धन गर्न नीतिगत, कानुनी तथा अन्य सुधारका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न प्रमुख सचिव बाबुराम अधिकारीको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गर्ने निर्णय पनि गरेको छ ।

त्यस्तै, बैठकले लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन सम्बन्धी विधेयक स्वीकृत गर्ने, जीवनाशक विषादी व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक प्रदेशसभामा पेस गर्न स्वीकृति दिने, अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम कार्यविधि पारित गर्ने र प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नति (छैटौं संशोधन) नियमावली २०८२ स्वीकृत गर्ने निर्णय पनि गरेको छ ।

# प्रभु साहको प्रश्न– तपाईं कसको बलमा प्रधानमन्त्रीको कुर्सीमा हुनुहुन्छ ?



**काठमाडौं/मस–** आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले जेनजी आन्दोलनको बलमा प्रधानमन्त्री बनेकी सुशीला कार्कीले असली जेनजी आफूले नचिनेको भनेर प्रतिक्रिया दिएकोप्रति आपत्ति जनाएका छन् ।

आजपाको काठमाडौं उपत्यका विशेष कमिटीको शनिबार काठमाडौंमा बसेको बैठकलाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले आक्रोश पोख्दै भने, 'त्यही जेनजीको आन्दोलनको बलमा उहाँ प्रधानमन्त्रीको कुर्सीमा विराजमान हुनुहुन्छ, तर असली जेनजी अगुवा को हो ? मैले चिनेको छैन भनेर बोल्नुहुन्छ, उहाँको अभिव्यक्ति हाँस्यास्पद त हो नै, त्यो भन्दा पनि बढी आपत्तिजनक छ ।'

शुक्रबार शीतल निवासको सर्वदलीय छलफलमा प्रधानमन्त्री कार्कीले आफूले अहिलेसम्म जेनजी आन्दोलनको वास्तविक अगुवाहरु नचिनेको अभिव्यक्ति दिएकी थिइन् । यही सन्दर्भमा साहले प्रधानमन्त्रीको उक्त अभिव्यक्तिको चर्को आलोचना गरेका हुन् ।

साहले भने,'प्रधानमन्त्री सुशीला कार्कीले नै रियल जेन-जी चिनेको छैन भन्नु हाँस्यास्पद हो, तपाईं कसको आन्दोलनको बलमा प्रधानमन्त्रीको कुर्सीमा विराजमान हुनुहुन्छ, म सोध्न चाहन्छु । रियल जेन-जीहरु तपाईंले नचिन्ने अनि प्रधानमन्त्रीको दाबी गर्न शितलनिवास एक महिनाअघि कसरी जानुभयो ? आन्दोलन कसको थियो भन्ने थाहा थिएन र ?' साहले वास्तविक जेनजी नचिन्ने प्रधानमन्त्री कार्कीलाई नै जनताले भोलि 'डुप्लिकेट-प्रधानमन्त्री'को संज्ञा दिनेछन् भनेर टिप्पणी गरे ।

साहले वर्तमान सरकारले तोकिएकै मितिमा चुनाव गराउन सक्नेमा आशंकासमेत व्यक्त गरे। उनले अहिलेको सरकार वजनदार नभएको टिप्पणी गरे । प्रधानमन्त्री कार्कीले अँध्यारो कोठाबाट शासनसत्ता चलाउन सुरु गरेको उनको आरोप छ। उनले भने, 'सुशीला सरकार वजनदार देखिएन, अँध्यारो कोठाबाट शासनसत्ता चलाउने कुरा हामीलाई अस्विकार्य छ।' साहले अदालतमा बेञ्च चलाएजस्तो देश चलाउन सजिलो नहुने पनि प्रधानमन्त्रीलाई सुझाए ।

मुलुक विषम परिस्थितिमा गुज्रिरहेको अवस्थामा प्रधानमन्त्री कार्कीले देशलाई सही निकास दिनको लागि गम्भिरता नदेखाएको उनको गुनासो छ । उनले आफूले बोलाउनुपर्ने सर्वदलीय बैठक शीतल निवासको भर परेकोमा पनि आलोचना गरे । जेनजी आन्दोलन अघि र आन्दोलन पछि पनि संघर्षको मैदानमा रहेका निर्णायक शक्तिहरुलाई सर्वदलीय बैठकमा बेवास्ता र बाईपास गरेकोमा साहको आपत्ति थियो ।

उनले राष्ट्रपति रामचन्द्र पौडेलको भूमिकामा पनि प्रश्न उठाए । चुनावको वातावरण बनाउने नाममा दलहरुलाई मात्रै रातो कार्पेट ओछ्याउने काम गरिएको र आन्दोलनको प्रमुख हिस्सा जेनजी आन्दोलनका अगुवालाई बेवास्ता गरिएकोमा साहको गम्भीर असहमति जनाए । उनले भने, 'दलहरुसँग एकदिन र जेनजीहरुसँग अर्को दिन छलफल गरेर राष्ट्रपति रामचन्द्र पौडेलले के सन्देश दिन खोज्नुभएको हो ?'

उनले अहिलेको गृह प्रशासनको नेतृत्वको कारण सरकार असफलताको बाटोमा अघि बढेको आरोप लगाए । उनले भने, 'जेन-जी आन्दोलनमा युवा विद्यार्थीहरुको हत्याराहरुलाई एक महिना बितिसक्दापनि कारबाही गर्न नसक्नुले सरकारको असफलता पुष्टि गरिसक्यो ।' उनले गृहमन्त्री ओमप्रकाश अर्यालको कार्यक्षमतामाथि प्रश्न उठाए । उनले भने, 'गृहमन्त्री नै अलमलमा देखिनुभयो, उहाँले कानूनीराज स्थापित गर्न नसक्ने हो भने बाटो लाग्दा हुन्छ ।'

जेनजी आन्दोलनपछि प्रहरीको शिर निहुरिएको साहको टिप्पणी छ । उनले आन्दोलनको नाममा सुरक्षा निकायबाट लुटिएका हातहतियार अहिलेसम्म किन फिर्ता ल्याउन नसकेको भनेर गृहमन्त्रीलाई सोधे। उनले भने, 'लुटिएको हतियार फिर्ता गर्न महिनौं लाग्ने सरकारले फागुन २१ गते चुनाव गर्न सक्ला र ? यो सरकारको क्षमतामाथि प्रश्न उठिसक्यो ।'

साहले प्रधानमन्त्री कार्कीले महिना दिनसम्म आफ्नो मन्त्रिपरिषद्लाई पूर्णता दिन नसकेको भन्दै प्रश्न उठाए। उनले भने, 'मन्त्रिपरिषद्लाई पूर्णता दिन यत्रो समय लाग्छ त ? रक्षा र परराष्ट्र मन्त्रालयजस्तो संवेदनशील मन्त्रालय नेतृत्वविहीन बनाउँदा संशय पैदा भएको छ ।'

साहले अबको मुख्य निकासको बाटो भनेको यही व्यवस्था र यही संविधान कायम राखेर अघि बढ्दा देश झनै ठूलो भड्खालोमा जाने भन्दै अन्तरिम संविधान बनाएर जानुपर्नेमा जोड दिए । उनले भने, 'अहिलेको निकास अन्तरिम सरकारसँगै अब अन्तरिम संविधान हो । जनविद्रोहलाई संस्थागत गर्न एकपटक देशभक्त, न्यायप्रेमी र परिवर्तन चाहने अग्रगामी शक्तिहरुको निर्णायक संघर्ष आवश्यक छ ।'

सो क्रममा उनले आम जनता पार्टीले स्थापनाको छोटो समयमा नै श्रेष्ठता हाँसिल गरेको दाबी गरे । उनले भने, 'हाम्रो पार्टी दुई वर्षअघि नै तेस्रो जनआन्दोलन औंल्याएर सडक संघर्षमा होमिएको थियो, त्यो जेनजी विद्रोहले हाम्रो तेस्रो जनआन्दोलनको घोषणालाई सिद्ध गरिसकेको छ। अहिले जनविद्रोहले कांग्रेस र एमालेको शासन सत्ता ढलिसकेको छ। तर, केपी ओलीको अहंकार र शेरबहादुर देउवाको दम्भ अझै ढलेको छैन। यिनीहरुले टाउको उठाउनु नेपाली जनताको टाउको दुख्नु हो ।'

# जनताको विश्वास जित्नुस्: मुख्यमन्त्री कँडेल



**सुर्खेत/मस–**कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले उठाएका सकारात्मक भावना र मागलाई सम्मान गर्दै सुधारका ठोस योजनासहित काम अघि बढाउन प्रदेशका सचिवहरूलाई निर्देशन दिएका छन् ।

प्रदेश सरकारका प्रमुख सचिव र सबै मन्त्रालयका सचिवसँग आव २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी भएका निर्णय र प्रतिबद्धताका प्रगतिसम्बन्धी छलफललाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले भने,'अब सुधारका कुरा कागजमै सीमित हुने होइन, व्यवहारमै देखिनुपर्छ, जनताले पारदर्शिता, जवाफदेहिता र सहज सेवाको अपेक्षा गरेका छन्, त्यसको प्रत्यक्ष अनुभव दिलाउनु नै हाम्रो जिम्मेवारी हो ।'

उनले कार्यालयका ढोका जनताका लागि सधैं खुला राख्न, हरेक काममा पारदर्शिता र विश्वास कायम गर्न तथा विगतका कमजोरीबाट सकारात्मक पाठ लिएर नयाँ सोच र कार्यशैली अपनाउन आग्रह गरे । उनका अनुसार हिजोका गल्तीबाट सिकेर आज सुधारका उपाय लागू गर्नु नै वास्तविक प्रगति हो ।

उनले प्रदेश सरकारको प्राथमिकता खर्च कटौती, कार्यक्षमता वृद्धि र परिणाममुखी सेवा प्रवाह हुने स्पष्ट पारे । मुख्यमन्त्री कँडेलले भने, 'सङ्घ सरकारसँग प्रतिस्पर्धा गर्न सक्ने किसिमको कार्यक्षमता देखाउन अब तपाईंहरूले पहल गर्नुपर्छ, तालिम, भ्रमण, गोष्ठी वा आवश्यक नभएका योजनामा हुने खर्च घटाएर वास्तविक विकासमा लगानी गर्नुपर्ने बेला आएको छ ।'

त्यस क्रममा उनले प्रत्येक मन्त्रालय र कार्यालयमा देखिने अनावश्यक खर्च, ढिलासुस्ती र प्रक्रियागत जटिलता अन्त्य गर्न, सेवा प्रवाहमा सरलता ल्याउन, ढिलाइ संस्कृतिलाई अन्त्य गर्दै जनतामुखी प्रशासनिक सुधार लागू गर्न सबै सचिवहरूलाई निर्देशन दिए ।

# कृष्णनगरको दशगजामा सरसफाइ

**धर्मेन्द्रकुमार कुर्मी/मध्यान्ह**
काठमाडौं, २५ असोज



कृष्णनगरको दशगजा क्षेत्रमा शनिवार वृहत सरसफाइ अभियान सम्पन्न गरिएको छ। लामो समयदेखि दुर्गन्धित बनेको दशगजा क्षेत्रमा शनिबार सरसफाइ गरिएको हो ।

कृष्णनगर नगरपालिकाको सहयोग र नेपाल भारत मैत्री सरसफाइ अभियान, आफन्त नेपाल कपिलवस्तु, शान्ति पुनर्स्थापना गृह, साना हात, आशिष सामाजिक सेवा केन्द्र, ईलाका प्रहरी कार्यालय कृष्णनगर, सशस्त्र प्रहरी बल प्रस्तावित गुल्म कृष्णनगर, लगायत विभिन्न संघ संस्था र स्थानीयबासीको सक्रियतामा सरसफाइ गरिएको हो ।

सरसफाइ सबैको साझा दायित्व हो भन्ने भावनाको बोध गराउन दशगजा क्षेत्रमा सरसफाइको अभियान थालिएको वडाध्यक्ष कृष्ण कुमार गुप्ताले बताए ।

सामाजिक काममा आफ्नो पूर्ण साथ रहने ईलाका प्रहरी कार्यालय कृष्णनगरका प्रमुख प्रहरी निरीक्षक ईश्वर लौडारीले बताए ।

सरसफाइ मात्र नभइ अन्य सामाजिक र सांस्कृतिक लगायत विभिन्न कार्यमा सशस्त्र प्रहरी बल सधैं अगाडि रहने सशस्त्र प्रहरी बल कृष्णनगरका सशस्त्र प्रहरी नायब उपरीक्षक तुला बहादुर चौधरीले बताए ।

सरसफाइ अभियान्ताहरुले दशगजा क्षेत्रमा रहेका प्लास्टिक, कागज, काठका टुक्रा लगायतका फोहोरलाई जम्मा गरी नष्ट गरेका थिए ।

# इन्टरनेट र एआईका बारेमा २० देशका विज्ञहरूबीच नेपालमा चार दिनसम्म छलफल




**काठमाडौं/मस–**इन्टरनेट र कृत्रिम बुद्धिमत्ता (एआई) का विविध पक्षबारे २० देशका विज्ञहरूले नेपालमा चार दिनसम्म गहन छलफल गरेका छन् ।

इन्टरनेटको क्षेत्रमा लामो समयदेखि कार्यरत संस्था एसिया प्यासिफिक स्कुल अन इन्टरनेट गभर्नेन्सद्वारा आयोजित 'एपीसिग २०२५' नामक सम्मेलन यही असोज २१ देखि २४ गतेसम्म सम्पन्न भएको आयोजक संस्थाका अध्यक्ष बाबुराम अर्यालले जानकारी दिए ।

सम्मेलनमा १६ चरणका छलफल सत्रहरू सञ्चालन भएका थिए भने २२ विज्ञ वक्ताहरूले विषयगत प्रस्तुति दिएका थिए । उपाध्यक्ष वाकास हसनका अनुसार, कार्यक्रममा १६ देशका सरकारी अधिकारी, सूचना प्रविधि विज्ञ, प्राध्यापक, पत्रकार, वकिल, अधिकारकर्मी, अनुसन्धानकर्ता लगायतका ३४ फेलोहरू सहभागी भएका थिए।

कार्यक्रममा सहभागी विषय विज्ञ, प्राध्यापक, अनुसन्धानकर्ता, अभ्यासकर्ता र पैरवीकर्ताहरूले इन्टरनेटको सही र जिम्मेवार प्रयोग, यसको नियमन तथा व्यवस्थापन, एआईको प्रयोगले भविष्यमा ल्याउन सक्ने अवसर र चुनौती, साइबर सुरक्षा, तथ्यांक सुरक्षा, सामाजिक सञ्जालहरूको प्रयोग र नियमन, भ्रामक तथा प्रायोजित सूचनाको विकृति, र इन्टरनेट पहुँचबाट पछाडि पारिएका समुदायको समावेशीकरण जस्ता विषयमा गहन प्रस्तुति दिएका थिए । सहभागीहरूबीच यी विषयमा व्यापक छलफल भएको पत्रकार जीवन भण्डारीले जानकारी दिए । पाकिस्तानकी सहभागी मार्यम रसिदले अन्य देशमा भइरहेका अभ्यास र अनुभवका आधारमा निकै सिकाइ भएको बताइन् । उनका अनुसार, यस्तो अन्तर्राष्ट्रिय कार्यक्रमले विभिन्न देशका विशेषज्ञहरूलाई आपसी ज्ञान आदानप्रदान र सहकार्यका अवसर प्रदान गर्छ । सम्मेलनमा नेपालसहित भारत, बंगलादेश, म्यानमार, मलेसिया, भुटान, यमन, मंगोलिया, पाकिस्तान, कम्बोडिया, इन्डोनेसिया, काजकिस्तान, सिंगापुर, फिलिपिन्स, भियतनाम, अस्ट्रेलिया र जापानलगायत २० भन्दा बढी देशका फेलो तथा वक्ताहरू सहभागी भएको इन्टरनेट गभर्नेन्स इन्स्टिच्युटकी निर्देशक सपना शाहीले जानकारी दिइन् ।

चार दिनसम्म चलेको उक्त अन्तर्राष्ट्रिय सम्मेलनको समापन समारोहमा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन र एसिया प्यासिफिक स्कुल अन इन्टरनेट गभर्नेन्सका अध्यक्ष अर्यालले सहभागीहरूलाई प्रमाणपत्र प्रदान गरेका थिए ।

मध्यान्ह
www.madhyanhadaily.com
२६ असोज २०८२ आइतबार
12 October 2025 Sunday

## सम्पादकीय

# मजदुरको मनोबल बढाऊ

नेपाली अर्थतन्त्रको आधार कृषिमा टेकेको छ । कुल जनसंख्याको ठुलो हिस्सा कृषिमा निर्भर छ । तर कृषिमा काम गर्नेहरू चाहे कृषक हुन चाहे मजदुर दुवैको दैनिकी दयनीय छ । एउटा उदाहरण हो- चिया मजदुरको अवस्था । राष्ट्रिय समावेशी आयोगले चिया श्रमिकको सम्बन्धमा गरेको अनुगमन प्रतिवेदनअनुसार नेपालमा १८ बढी परिवार चिया खेतीमा छन् । यो खेतीमा सञ्चालक/परिवारको सदस्य १८ हजार १ सय ८० छ । ज्याला लिएर काम गर्ने स्थायी कामदार ३ हजार २ सय ४४ जना र अस्थायी कामदार ३० लाख ९५ हजार २ सय ८४ छन् । यति ठुलो संख्याले रोजगारी पाउँदा समेचत खुसी साट्न सकिने अवस्था छैन । किनभने चिया मजदुरहरू न्यूनतम ज्याला समेत पाउँदैनन् । प्रतिवेदनले औंल्याएअनुसार उनीहरूको श्रमिकको आवासको स्थिति कमजोर छ । पानी चुहिने घरमा बस्छन् । काम गर्ने ठाउँमा शिशु स्याहार केन्द्र छैन । विषादी प्रयोग गर्दा मापदण्डअनुसारको व्यक्तिगत सुरक्षा सामग्रीको न्यून प्रयोग हुन्छ । यसले मजदुर स्वयंको स्वास्थ्य खराब भइराखेको हुन्छ । एकातिर कम पारिश्रमिक पाउनु अर्कोतिर दिगो रोगको सिकार हुनुपर्ने यो अवस्था अन्त्य हुन जरूरी छ ।

नेपालमा कति नेपाली कुन पेसा, वर्ग र क्षेत्रमा छन्, कस्तो अवस्थामा दैनिकी गुजारिरहेका छन् भन्ने ख्याल गर्नु राज्यको पहिलो दायित्व हो । किनभने पसिना बगाउने मजदुरहरूले देशको मेरूदण्ड हुन् । तर तिनै मजदुरहरूको योगदानको सही मूल्यांकन हुन सकेको छैन । न्यूनतम ज्याला पाउन पनि संघर्ष गर्नुपर्ने अवस्थाले उनीहरूमा मनोबल घट्नु स्वाभाविक हो । मजदुरको मनोबल घट्दा त्यसको प्रत्येक्ष असर उत्पादनशीलतामा पर्छ । जुन समाजमा कामदार निराश छन्, त्यो समाज अगाडि बढ्न मुस्किल हुन्छ ।  कृषि, उद्योग र व्यापार क्षेत्र वा समग्र विकास गर्न कठिन हुन्छ । त्यसैले, आर्थिक समृद्धिको यात्रामा मजदुरको मनोबल उकास्नु पहिलो सर्त हो । कृषिक्षेत्रका मजदुरलाई उचित पारिश्रमिक, सुरक्षित कार्य वातावरण र सामाजिक सुरक्षाको प्रत्याभूति दिन सकिएमा मात्र उनीहरूमा श्रमप्रतिको सम्मान र उत्साह बढ्छ ।

नेपालमा अहिले पनि धेरै मजदुर दैनिक ज्यालादारीमा निर्भर छन् । उनीहरूलाई वर्षभरि काम नपाउने, ज्याला समयमा नपाउने र न्यूनतम दरभन्दा कम पाउने समस्या छ । यसले उनीहरूको जीवनस्तर कमजोर बनाएको छ । जबसम्म मजदुरले आफ्नो श्रमको उचित मूल्य पाउँदैनन्, तबसम्म 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा व्यवहारमा परिणत हुन सक्दैन । यो नारा साकार पार्ने हो हो मजदुरको मनोबल बढाउनुको विकल्प छैन । यसकारण सरकार र निजी क्षेत्र दुवैले मजदुरको हितमा जिम्मेवार भूमिका खेलून् । न्यूनतम ज्यालाको प्रभावकारी कार्यान्वयन, दक्षता अभिवृद्धि तालिम र कृषि श्रमिकलाई सामाजिक सुरक्षा योजनामा समेट्नु वर्तमानको आवश्यकता हो । जब श्रमको सम्मान हुन्छ, तब मात्र मजदुरले हृदयदेखि काम गर्छन्, जसको परिणाम देशको उत्पादन, व्यापार र समग्र अर्थतन्त्रमा पर्छ । यसकारण सरकारले बुझ्नुपर्छ– मजदुरको मनोबल बढाउनु केवल सामाजिक न्याय मात्रै होइन, यो दीर्घकालीन आर्थिक रणनीति हो । मजदुरको जीवनस्तर सुधार्न सके स्वतः देशको अवस्था सुध्रन्छ ।

# नो भोट : समयको जायज आवाज

*यदि 'नो भोट' अधिकारलाई कानुनी मान्यता दिइयो भने आगामी निर्वाचनमा राजनीतिक दलहरू जनताको बिचमा जानुअघि आफ्ना आचरण सुधार्न बाध्य हुनेछन् ।*

अग्रलेख



● डा. सुमनकुमार रेग्मी

नेपालको संविधान २०७२ पछि सम्पन्न दोस्रो आम निर्वाचनपश्चात स्थानीय तथा संघीय प्रतिनिधिसभामा सत्तापक्ष र विपक्षी गठबन्धनप्रति जनतामा सन्तोष देखिएको थिएन । अघिल्ला चुनावहरूमा जनता उत्साहित देखिए पनि पछिल्लो समय मतदाता र नेताहरूबीच विश्वासको खाडल झन् बढ्दै गएको पाइन्छ । २०८२ साल भाद्र २३ गतेदेखि पाँच दिनसम्म चलेको जेनजी आन्दोलनले बलियो मानिएको सरकारलाई नै उखेलेर फाल्यो । त्यसैको परिणामस्वरूप पाँच वर्ष पनि नपुग्दै मध्यावधि चुनावको घोषणा गरियो । त्यसको छ दिनपछि मात्रै देश सामान्य अवस्थामा फर्कियो ।

विगतका निर्वाचन प्रक्रियाहरू जनताको चाहनाअनुसार नभएको तथ्य उजागर हुँदै गएको छ । निर्वाचनमा परिपक्वता देखिएको थिएन । उदाहरणस्वरूप, विगतमा चुनावमा 'नो भोट' अधिकारको सुविधा दिइएको थियो, जसलाई सर्वोच्च अदालतले पनि मान्यता दिएको थियो । तर, नो भोटको विकल्प नभएको ठाउँमा उम्मेदवार नै अनुपस्थित हुँदा मतदाताले मन परेको चुनाव चिन्हमा जबरजस्ती मतदान गरेका थिए, जसले अन्ततः बदर मतको संख्या बढाएको थियो ।

यदि कुनै पनि दलले उठाएका उम्मेदवार जनताका लागि स्वीकार्य नभए भने त्यस्तो अवस्थामा 'नो भोट'को विकल्प अपरिहार्य हुन्छ । यस्ता अवस्थामा स्वतन्त्र उम्मेदवारले मत पाउनुको एक कारण पनि यही हो । यस अर्थमा, आगामी चुनावी प्रक्रियामा 'नो भोट' अधिकारको व्यवस्था गर्नु समयको आवश्यकता हो । यसैले सरकार र निर्वाचन आयोगले जनताका लागि 'नो भोट' अधिकार सुनिश्चित गर्नुपर्ने वातावरण सिर्जना गर्नु आवश्यक छ । दलहरू, जसले निर्वाचन जेसुकै हालतमा जित्नैपर्छ भन्ने मानसिकतामा गठबन्धन बनाएका छन्, ती सत्तापक्ष र विपक्षी गठबन्धन दुवै जनताका लागि स्वीकार्य हुन सकेका छैनन् ।

यदि 'नो भोट' अधिकारलाई कानुनी मान्यता दिइयो भने आगामी निर्वाचनमा राजनीतिक दलहरू जनताको बिचमा जानुअघि आफ्ना आचरण सुधार्न बाध्य हुनेछन् । लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नको लागि दलहरूसँग विकल्प छैन, तर ती दलहरू नै जनविश्वास जित्न सक्ने ढंगले जनभावनाअनुसार चल्नुपर्छ । जनताको विश्वास जित्न नेताहरूले दलको नाउँ मात्र होइन, आफ्नै योग्यतामा आधारित नेतृत्व क्षमता प्रस्तुत गर्नुपर्ने हुन्छ । सर्वोच्च अदालतले सरकार र निर्वाचन आयोगलाई 'नो भोट' अधिकार सुनिश्चित गर्ने आदेश दिइसकेको भए पनि राजनीतिक दलहरू र निर्वाचन आयोगले मतपत्रमा यसको व्यवस्था गर्न आनाकानी गर्दै आएका छन् । तर अवस्थाले 'नो भोट' को महत्व महसुस भइसकेको छ । यो अधिकार दलहरूप्रति जनताको असन्तुष्टि दर्शाउने एक संवैधानिक उपाय हो । यदि 'नो भोट'को अधिकार सुनिश्चित गरिएन भने नेपाली जनताले प्रत्यक्ष रूपमा कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपतिका लागि मतदान गर्न पाउनु पर्ने माग गर्नेछन् ।

२०८० सालमा निर्वाचन आयोगले 'नो भोट' अधिकार समेटिएको निर्वाचन विधेयकको प्रस्ताव पनि गरेको थियो । यस्ता प्रस्तावहरू पहिलेदेखि नै चर्चामा रहे पनि राजनीतिक इच्छाशक्तिको अभावका कारण हालसम्म कार्यान्वयन हुन सकेको छैन । यद्यपि नेपालमा चुनाव प्रणालीमा क्रमशः सुधार हुँदै आएका छन् । पहिला उम्मेदवारहरू प्रचारप्रसारमा अनेक सामग्री प्रयोग गर्न पाउँथे, विपक्षीहरूविरुद्ध नाराबाजी लगाउँथे । तर, अब कानुन बनाएर तथा अभ्यासबाट यस्ता व्यवहारलाई हटाउने प्रक्रिया अघि बढाइएको छ । बेलायत तथा अन्य पश्चिमा लोकतान्त्रिक राष्ट्रहरूबाट प्रेरित नेपालको लोकतन्त्रले कानूनको कार्यान्वयनमा केन्द्रित हुँदै आएको छ ।




निर्वाचन प्रणाली सुधार गर्दै जाँदा निर्वाचनको जिम्मेवारीलाई छुट्टै संवैधानिक निकायमार्फत व्यवस्थित गर्नुपर्ने देखिन्छ । यसैले पनि अब मतपत्रमा 'नो भोट' को प्रावधान समेटिनुपर्छ । २०७९ सालमा स्थानीय तथा संघीय निर्वाचनका क्रममा उम्मेदवारहरूले चुनाव प्रचारमा सीमित सामग्री मात्र प्रयोग गर्न पाए । टोपी, लकेट, पार्टी झन्डा आदिलाई नियन्त्रण गरिएको थियो । पश्चिमी मुलुकहरूमा झैं प्रचारका लागि निश्चित स्थान मात्र छुट्याइने प्रचलन नेपालमा पनि लागू गर्ने छलफल चलेको थियो । घरदैलो अभियान अब पनि चलिरहेको भए पनि भविष्यमा यसको स्वरूप बदलिन सक्छ ।

२०८२ सालसँगै समयको गति बदि्लइसकेको छ । अब 'नो भोट' को अधिकार सुनिश्चित गर्नु समयको माग हो । यो अभ्यास पश्चिमा लोकतान्त्रिक मुलुकमा लामो समयदेखि चलिआएको छ । हामीले पनि निर्वाचनलाई जनताको अधिकारका रूपमा बुझ्दै आएका छौं । मताधिकार प्रयोग गर्न चाहने तर कुनै उम्मेदवार मन नपर्ने अवस्थामा मतदाताले 'नो भोट' प्रयोग गर्न पाउनुपर्छ । जानीजानी बदर मत हाल्नु भन्दा यो लोकतान्त्रिक र सुरक्षित उपाय हो ।

> *नेपालमा प्रजातन्त्र स्थापना भएको ३५ वर्ष पुगिसकेको छ । यो लामो समयमा लगातार चुनाव जित्दै आएका उस्तै अनुहारहरूप्रति अब जनताको मोहभंग भएको छ । जब योग्य उम्मेदवार नभएर 'म कसैलाई पनि भोट दिन्न' भन्ने मतदाताको भावना जागृत हुन्छ, त्यस्तो अवस्थामा 'नो भोट' को व्यवस्था अपरिहार्य हुन्छ ।*

नेपालमा प्रजातन्त्र स्थापना भएको ३५ वर्ष पुगिसकेको छ । यो लामो समयमा लगातार चुनाव जित्दै आएका उस्तै अनुहारहरूप्रति अब जनताको मोहभंग भएको छ । जब योग्य उम्मेदवार नभएर 'म कसैलाई पनि भोट दिन्न' भन्ने मतदाताको भावना जागृत हुन्छ, त्यस्तो अवस्थामा 'नो भोट' को व्यवस्था अपरिहार्य हुन्छ ।

निर्वाचन आयोगले जनताको यही मनोविज्ञानलाई बुझेर मतपत्रमा 'नो भोट' को प्रावधान राख्ने प्रस्ताव अघि सारेको हो । यद्यपि राजनीतिक दलहरू र नेताहरू यसका विपक्षमा देखिन सक्छन् । उनीहरू आफूलाई अस्वीकार गरिने डरले यस्तो विधेयक पारित गर्न नचाहन सक्छन् ।

तर, 'नो भोट' अधिकार लोकतन्त्रलाई बलियो बनाउने उपाय हो । यसले पुराना, असफल र जनताले विश्वास गुमाएका नेताहरूलाई चेतावनी दिने काम गर्छ । जनताले अस्वीकार गर्न पाउने अधिकारको सुनिश्चितता नै लोकतन्त्रको सुन्दर पक्ष हो । अतः अब 'नो भोट' अधिकार कानुनी रूपमा सुनिश्चित गरी, संविधान, कानुन र निर्वाचन प्रक्रियामा यसको सम्मानजनक व्यवस्था गर्न आवश्यक छ ।

# देशलाई अराजकताको मार्गमा नधकेलौं

खुला पत्र



● शिवबहादुर सापकोटा

> *सरकारलाई मेरो एउटै आग्रह छ– देशलाई अराजकताको मार्गमा नधकेलौं । जनताको सुरक्षा, उद्योग व्यवसाय र पर्यटनको विश्वसनीयता नै नेपालको पहिचान हो, त्यसको रक्षा सरकारकै प्राथमिकता बनोस् ।*

***सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीज्यू, गृहमन्त्री ओमप्रकाश अर्यालज्यू,***

म, यो देशको एक सचेत नागरिक र पर्यटन क्षेत्रमा क्रियाशील एक व्यक्तिका रूपमा यो खुला पत्र लेख्दैछु ।

गत भाद्र २३ र २४ गते देशले फेरि एउटा गम्भीर मोड पार गऱ्यो । जेनजी आन्दोलनको क्रममा भएका घटना र परिघटनामा धेरै भाइबहिनीहरू र राष्ट्रसेवक प्रहरीहरू सहिद भए, उनीहरूप्रति मेरो भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

त्यो आन्दोलनले आक्रोशका साथ ल्याएको आर्थिक, सामाजिक र मनोवैज्ञानिक असर हामी सबैले आफ्नै आँखाले देख्यौँ र महसुस गर्यौँ । राष्ट्रिय धरहरा जल्न थाले, सिंहदरबार, संसद भवन, सर्वोच्च अदालतजस्ता संस्थागत प्रतीकहरू आगोको लप्कामा परे । व्यापारी, उद्योगपति र नेताहरूको घर, पसल, उद्योगहरू जलेर अरबौंको क्षति भयो ।

तर हाम्रा जेनजीहरूको माग के थियो ? भ्रष्टाचार अन्त्य र सुशासनको सुनिश्चितता, जुन माग देशका प्रत्येक इमानदार नागरिकको मुटुमा गुञ्जिरहेको आवाज हो । हत्या, हिंसा र आगजनी जेनजीको नीतिमा थिएनन् । तर आन्दोलनको नाममा अराजक तत्वहरूले प्रहरीको हतियार लुट्ने, चौकी जलाउने र युनिफर्म खोस्ने कार्य गरे । यसले देशको कानूनी हैसियत र सुरक्षाको संरचनामा ठूलो चोट पुर्यायो ।

तोडफोड र आगजनीमा संलग्न २५० भन्दा बढी व्यक्तिहरूलाई पक्राउ गरेर ल्याइयो, तर गृहमन्त्रीको आदेशमा तिनीहरूलाई छाडियो ।

तर प्रश्न उठ्छ, जब लुटिएका हतियार अझै फिर्ता आएका छैनन्, जब प्रहरीहरूको मनोबल लगातार खस्किएको छ, जब चौकीहरू जलिरहेका छन्, त्यस अवस्थामा शान्ति र सुरक्षा कसरी सम्भव हुन्छ ?

म प्रधानमन्त्रीज्यू र गृहमन्त्रीज्यूलाई यो खुला पत्रमार्फत यो देशको वास्तविक चीत्कार सुनाउन चाहन्छु- हामीलाई स्थायित्व, कानूनी शासन, शान्ति र सुरक्षाको प्रत्याभूति चाहिएको हो, अराजकता होइन । सुरक्षा निकायको मनोबल गिर्नु भनेको राष्ट्रकै मेरुदण्ड कमजोर हुनु हो । त्यसैले म यो पत्रमार्फत सरकारलाई निम्न सुझाव र आग्रह गर्न चाहन्छु-



१) सुरक्षा निकायको मनोबल पुनःस्थापना गर्न ठोस कदम चालिनुपर्छ । प्रहरी, सेना, सशस्त्र सबैलाई राजनीतिक प्रभावबाट मुक्त गर्दै निष्पक्ष रूपमा काम गर्ने वातावरण दिनु अत्यावश्यक छ ।

२) लुटिएका हतियार र सामाग्रीको खोजी कार्य तुरुन्त सुरु गरी कानूनी कारबाही सुनिश्चित गर्नुपर्छ । यसमा सरकारको दृढ नेतृत्व र कानूनी संयन्त्रको सशक्त प्रयोग जरुरी छ ।

३) आन्दोलनका क्रममा हिंसामा संलग्नहरुमा निर्दोष नागरिकमाथि अन्याय नहोस्, तर दोषी उम्किने अवस्थासमेत नहोस् । यही सन्तुलनले न्यायको सम्मान बढाउँछ ।

४) उद्योग, व्यवसाय, पर्यटन र कूटनीतिक नियोगहरूको सुरक्षामा विशेष ध्यान दिनुपर्छ । देशको छवि र लगानी वातावरण जोगाउन सरकारले तत्काल व्यावहारिक सुरक्षा योजना ल्याउनुपर्छ ।

५) जनताको विश्वास जित्ने पारदर्शी संवाद र कदम चालिनुपर्छ । डर होइन, भरोसा र जिम्मेवारीको वातावरण बनाउन सरकार अग्रसर हुनुपर्छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू, गृहमन्त्रीज्यू, सुरक्षा निकाय कुनै दलको होइन, राष्ट्रको मेरुदण्ड हो । ती अधिकारीहरू नै हुन्, जसले विगतमा पनि सरकारलाई जनताको आवाज सुन्न र गलत निर्णय सच्याउन आग्रह गरेका थिए । त्यसैले, उनीहरूको पेशागत निष्पक्षता र सुझावलाई 'असहयोग' नभई राष्ट्रहितको चेतावनीका रूपमा लिनुहोस् ।

अन्त्यमा, सरकारलाई मेरो एउटै आग्रह छ- देशलाई अराजकताको मार्गमा नधकेलौं । जनताको सुरक्षा, उद्योग व्यवसाय र पर्यटनको विश्वसनीयता नै नेपालको पहिचान हो, त्यसको रक्षा सरकारकै प्राथमिकता बनोस् ।


सम्माननीय प्रधानमन्त्रीज्यू, तपाईं संविधानको व्याख्या गरेर आउनुभएको व्यक्तित्व हुनुहुन्छ । तपाईंमा आशा र भरोसा छ । तपाईं संविधानको पालन गर्नुहुन्छ र संविधानभन्दा विपरीत जानुहुन्न भन्ने आशा र भरोसा हामी सम्पूर्ण जनतामा छ । राष्ट्र रह्यो भने राजनीति, पद, नीति सबै रहन्छ । तर राष्ट्र डगमगायो भने कुनै पनि कुर्सीले अर्थ राख्दैन ।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

निर्वाचनमा भाग लिने-नलिने दलको स्वतन्त्र छनौटको विषय हो । कानुनी प्रक्रिया, निर्वाचन आयोग र सरकारले भाग लिन पाउने अधिकारमा कुनै व्यवधान खडा गर्नु हुँदैन, त्यति गर्दा पनि भाग लिँदैनन् भने आकाश खस्दैन, नयाँ दल बनाएर नागरिकले लोकतन्त्रलाई जीवन्त राख्ने छन् ।




डा. गोविन्दराज पोखरेल

संसद् विघटन गैरसंवैधानिक हो, तर २०४६मा जस्तै युवा सहिद हुँदै गरेको आन्दोलनका कारण विघटन भएको हो । निष्प्रभावी संसद् ब्युँताउनु भन्दा जनतामाझ जानु नै बुद्धिमत्ता हुन्छ । यही निर्वाचन प्रणालीले राजनीतिक स्थायित्व दिन्छ भनेर ढुक्क हुन सकिँदैन । तर युवा र पुराना राजनीतिक दलबिच द्वन्द्व बढाउनु चैं हुँदैन ।



जैनेन्द्र जीवन

कांग्रेस/एमालेहरू, प्रतिनिधि सभाको पुनर्स्थापनाको माग छाडेर आगामी चुनावको तयारी गर्नुस् । यो मन्त्रीपरिषद् र चुनावले संविधान वा अदालतबाट वैधानिकता पाएका होइनन्, आन्दोलनबाट पाएका हुन् । समयले ल्याएको परिवर्तनलाई आत्मसात् गर्नोस् । हो बरु टिकट दिँदा चाहिँ राम्रो छवि भएकालाई मात्र टिकट दिनुस् ।




विराट अनुपम

अहिले आफूलाई जेन्जीको आधिकारिक नेता मान्दै मिडियामा अन्तर्वार्ता दिन हिँड्नेहरूले वडा अध्यक्ष जितेर आउन सकुन् । अलजजिरामा प्रधानमन्त्री बन्छु भन्ने फुर्ती लाउने जेन्जी दाजुले प्रतिनिधिसभाको चुनाव जितेर देखाउन् । बजार तात्दा आफूलाई दाबी गर्नु र जनताको अनुमोदन लिएर आउनु बिलकुल फरक हो !

# कांग्रेस रूपान्तरण गर्न नियमित महाधिवेशन

**नयाँ परिस्थितिअनुसार हाम्रा नीति, कार्यक्रम, नेतृत्व, कार्यशैली सबै बदल्नुपर्नेछ । महाधिवेशनले मात्र रूपान्तरण हुन्छ । पार्टीमा विवादलाई कम गर्दै गुट उपगुटलाई मेटेर १८ देखि ८० वर्षका मान्छेको पार्टी कांग्रेस हो भन्ने बनाउनुपर्छ ।**



जेनजी आन्दोलनपछि तहसनहस भएको मुलुकको शासन सत्ता, राज्य व्यवस्था र भौतिक संरचनाको पुनर्निर्माणमा केही समय खर्चनुपर्नेछ । यस्तो अवस्थामा नयाँ सरकार बनेसँगै विघटित संसदको चुनाव फागुन २१ तय भएको छ । गैरदलीय सरकारले गराउने चुनावी चुनौती त्यतिकै छन् । आन्दोलन थेग्न नसकेर भागाभाग भएका राजनीतिक दल विस्तारै कामका फर्कन थालेको अनुभूति हुँदैछ । पार्टीहरू आफैँलाई पुनर्संरचित बनेर जनतामाझ जाने योजनामा रहे पनि नेपाली कांग्रेसभित्र यो विषय सबैभन्दा पेचिलो बहसको विषय बनेको छ । आन्दोलन, सरकार, चुनाव र पार्टी पुनर्संरचनाको सन्दर्भमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा.गोविन्दराज पोखरेलसँग मध्यान्ह दैनिकका लागि जीवन शर्माले गरेको कुराकानीको सम्पादित अंश :

**डा. गोविन्दराज पोखरेल**, केन्द्रीय सदस्य, नेपाली कांग्रेस

जेन्जी आन्दोलनले सत्ता कब्जा गऱ्यो । यो परिस्थितिलाई कसरी बुझ्ने ?

मूलतः यो आन्दोलन भ्रष्टाचारविरोधी र सुशासनका पक्षमा भएको आन्दोलन थियो । आन्दोलनमा कति जेन्जी थिए, कतिको घुसपैठ भएर यो अवस्था आयो भन्ने कुरा त हेर्नै बाकी छ । तर जेहोस् युवा चाहिँ हाम्रो कार्यशैलीबाट असन्तुष्ट र रहेछन् भन्ने देखियो । हामीले युवाहरूलाई सन्तुष्ट बनाउन सकेका रहेनछौं भन्ने पुराना राजनीतिक दलहरूका लागि एउटा लेसन भएको छ । त्यसको असर पुरानो दल सबैमा परेको छ । हरेक युवाले आन्दोलन गरेर आउँछ । त्यो आन्दोलनबाट आएको युवा १० वर्षपछि अलिकति पुरानो हुन्छ । त्यो युवाले पनि नयाँ युवाको माग सुन्दो रहेनछ । त्यसकारण हरेक १० वर्षमा कुनै न कुनै ढंगले आन्दोलन भइरहेको छ । नयाँ श्रम बजारमा आउने नयाँ समाजमा आउने युवाहरूको आकांक्षालाई पुरानो नेतृत्वले सम्बोधन गर्न सकेको रहेनछ भन्ने देखाएको ।

**आन्दोलनपछिको प्रभावलाई चाहिँ कसरी हेर्नुभएको छ ?**

हामीले बनाउने नीतिहरूमा अपनाएका कार्यशैलीहरूमा, हाम्रो क्षमतामा यस आन्दोलनले प्रश्न उठाएको छ । पुराना पोलिटिकल पार्टी सच्चिने भन्ने एउटा कुरा त छँदै छ । त्यो मात्रै नभएर अब हामीले लिएका ओभरअल एजेन्डामा पनि अपडेटेड गर्नुपर्ने रहेछ । हाम्रो संगठनको संरचना, हामीले लिएका एजेन्डा, हामीले काम गर्ने शैली, प्रयोग गर्ने प्रविधि, सबैमा परिवर्तन हुनुपर्ने देखाएको छ ।

**जेनजी रिभोलुसनसागै कांग्रेसलाई पुनर्संरचित र रूपान्तरित गर्ने अभियान चलाइएको छ । तर आमकार्यकर्ता र नागरिकले महसुस गर्नेगरी कार्यान्वयन कहिले गर्नुहुन्छ ?**

नेपाली कांग्रेसमा पनि अब नेतृत्व परिवर्तन गर्नुपर्छ भनेर लागेका छौं । जेनजी आन्दोलतको मर्मलाई मर्न नदिई पार्टीहरू सुधार भएर सुशासन, पारदर्शी र जनताप्रति जिम्मेवार हुनुपर्नेछ । त्यस बाटोमा कांग्रेस अघि बढिसकेको छ । नियमित महाधिवेशन जसरी पनि मंसिरमा हुनुपर्छ । २०७२ सालमा पनि यस्तै सर्ट टर्ममा गरिएको थियो ।

नयाँ परिस्थितिअनुसार हाम्रा नीति, कार्यक्रम, नेतृत्व, कार्यशैली सबै बदल्नुपर्नेछ । महाधिवेशनले मात्र रूपान्तरण हुन्छ कांग्रेस भन्ने पनि होइन उसको कार्यशैलीमा भर पर्छ । नयाँ नेतृत्वले नयाँ र पारदर्शी कार्यशैली जानुपर्छ । मान्छेहरूको पार्टीमा लगानी र इमानदारिता हेरेर मेरिटोक्रेसीका आधारमा अगाडि बढ्नुपर्छ । लोकतन्त्रमा एक जनाले मात्र सबै सोलुसन दिन्छ भन्ने छैन । पार्टीमा विवादलाई कम गर्दै गुट उपगुटलाई मेटेर १८ देखि ८० वर्षका मान्छेको पार्टी कांग्रेस हो भन्ने बनाउनुको विकल्प छैन ।

सभापतिले अरू कसैलाई कार्यभार दिएर फागुन २१ को चुनावभन्दा अगाडि महाधिवेशन अथवा विशेष महाधिवेशन नगर्ने परिस्थिति बन्यो भने हामीले निर्वाचनमा फेस गर्न गाह्रो हुन्छ । जनतासँग फ्रेस म्यान्डेटसहित एजेन्डा नयाँ र पनि नेतृत्व नयाँ लिएर गएपछि जनताले कांग्रेसलाई नै विश्वास गर्ने आधार बन्छन् । जनताको हरेक दुःखको मलम नै कांग्रेस हो, त्यसलाई पुनर्जीवित र पुनर्जागृत गराउन लोकतान्त्रिक शासन व्यवस्था र लोकतान्त्रिक दलको विचारलाई नयाँ ढंगले पस्कनुपर्छ ।

नियमित महाधिवेशनको दबाबका लागि महाधिवेशन प्रतिनिधिहरूले ४० प्रतिशत हस्ताक्षर जम्मा गर्नुभएको छ । त्यति गर्दा पनि बहुमतको आडमा पेलेर महाधिवेशन सारियो भने विशेष महाधिवेशन माग्नुपर्छ । कात्तिकभर क्रियाशील सदस्यको काम सम्पन्न गर्ने मंसिरमा नियमित महाधिवेशन गर्न सक्ने आधार कांग्रेसमा छ । महाधिवेशनबाटै कांग्रेस आमकार्यकर्ता र नागरिकले देखिनेगरी रूपान्तरण हुनेछ ।

**दलहरूका अहिलेका चुनौती के के हुन् ?**

पहिलो त देशको सार्वभौमिकताको रक्षा नै हो । राष्ट्रियता नै संरक्षण गर्नुपर्ने अवस्था छ । किनभने इन्टरनेसनल प्लेयर धेरै भए । दोस्रो डेमोक्रेसीलाई ट्र्याकमा राख्नुपर्नेछ । संविधानमा परिवर्तन गर्न सकिन्छ तर लोकतन्त्र बचाएर राख्नुपर्छ । तेस्रो अहिलेको समाजको मागअनुसार पार्टीभित्र रूपान्तरण गर्नुपर्छ । नेतृत्व परिवर्तन गर्नुपर्छ । एजेन्डा परिवर्तन गर्नुपर्छ । यी तीनवटा काम दलहरूको हातमा छ । त्यसकारणले हामीले विशुद्ध पार्टी मात्र हेरेर पनि हुन्न । हामीले लोकतन्त्रलाई पनि बचाउनुपर्नेछ र हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध, सार्वभौम सत्ता, राष्ट्रिय अखण्डता बलियो बनाउनुपर्छ । राजनीतिक दल आफ्नै भुलभुलैयाभित्र परे । हामीले जे गरे पनि जनताले स्वीकार्छन् भन्ने जुन पुरानो भाष्य थियो त्यसबाट अझै बाहिर निस्किन सकेका छैनन् । यस समाजमा जुन हिसाबले हिंसा पनि भयो, रूपान्तरणका लागि मान्छेले सहदात प्राप्त गरे । सार्वजनिक सम्पत्तिको तोड भयो । नेतामाथि हातपात भयो । यो सबै राम्रा नराम्रा कामबाट हामीले एउटा शिक्षा लिएर अगाडि जानुपर्नेहुन्छ । त्यसका लागि दलहरूले आफैंभित्र रूपान्तरण, एजेन्डा रूपान्तरण, नेतृत्व रूपान्तरण अनि लोकतन्त्र बलियो पार्ने र अन्तर्राष्ट्रिय परिवेश हेरेर देशको अस्तित्व, देशको सार्वभौम सत्तालाई अझ बलियो बनाएर लानुपर्ने हुन्छ ।

**हरेक परिवर्तन युवाहरूको आन्दोलनबाट भएको छ । तर आन्दोलनबाट प्राप्त उपलब्धिको नेतृत्व पुरानै पुस्ताले गरेको देखिन्छ । यसको सन्देश के होला ?**

धेरैजसो आन्दोलनपछिको परिवर्तनको नेतृत्व पुरानै अनुहारले गरेका छन् । अहिले पनि त्यस्तै देखियो । जेनजी आन्दोलनले कब्जा गरेको सत्ता ७३ वर्षीय सुशीला कार्कीको हातमा पुगेको छ । यद्यपि बिपी कोइरालालगायत केही युवाहरूले आफ्नो आन्दोलनको नेतृत्व लिनुभएको थियो । तर पुरानो पुस्ताले समाजमा आउने नयाँ युवाको मागलाई नजरअन्दाज गर्दो रहेछ । तपाईंले भनेको युवा र नेतृत्वको विषयमा अलि फरक देखिन्छ । युवाको आकांक्षा कसले पूरा गर्छ ? महाथिर मोहम्मदले ९० वर्षमा पनि युवाको आकांक्षा पूरा गर्न गराएका थिए । त्यसकारण रूपान्तरणलाई जसले सम्बोधन गर्न सक्यो, त्यही नेता हुन्छ । उमेरले त्यति छेकबार नहुँदो रहेछ । तर हरेक १० देखि १५-२० वर्षमा नयाँ युवाहरूले आन्दोलन गर्दो रहेछ । परिवर्तित समाजको जुन संरचना हुन्छ त्यसले खोजेको नयाँ कार्यशैली नयाँ गभर्नेन्स, नयाँ विकासको मोडेल, नयाँ दृष्टिकोण ल्याउने व्यक्तिले परिवर्तनको नेतृत्व लिने हुँदा त्यहाँ उमेरको हिसाबले युवा वा पुराना पुस्ता भन्ने हुन्न ।

**यो आन्दोलनले व्यवस्था नै परिवर्तन गरेर प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको व्यवस्थाको परिकल्पना गरेको छ । यसमा तपाईंको मत के छ ?**

जेनजीकै अगुवाहरू पनि विरोधाभास छन् । उनीहरूले एउटै मान्छे म्युजिकल चेयरजस्तो पटक-पटक दोहोरिरहेको देखे । मासले पपुलर नमाने पनि पार्टीले त्यसैलाई नेतृत्व दिने भएकाले जेनजीले प्रधानमन्त्री प्रत्यक्ष हुनुपर्छ भनेका हुन् । कार्यकारी प्रधानमन्त्री ठिकै छ । त्यस्तो किसिमको मोडालिटी अपनाउन सकिन्छ । तर प्रत्यक्ष चुनावमा सबभन्दा बढी भोट ल्याउनेलाई प्रधानमन्त्री बनाउन चाहिँ गाह्रो हुन्छ । किनभने त्यो त संविधानमै परिवर्तन गर्नुपर्छ । संविधान परिवर्तन गर्दा नयाँ पुराना सबै पार्टी संसदमा हुन्छन् । उहाँहरूको पनि सहमतिमा हुनुपर्छ । एउटा पक्षले गरेर मात्रै हुँदैन । अहिलेको जुन म्युजिकल चेयर सिस्टमले यस्तो कुरा उठेको हो । पार्टीको आफ्नो गभर्निङ स्ट्रक्चरबाट कसरी सञ्चालन गरिन्छ र को मान्छेलाई नेतृत्व गर्न दिइन्छ भन्ने आधारमा हेरिनुपर्छ । त्यसकारणले नेपालजस्तो मुलुकलाई प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको आवश्यकता, त्यसबाट हुने जोखिम, फाइदा सबै हेरेर मात्र निर्णय लिनुपर्छ ।

**विश्व राजनीतिलाई पनि विश्लेषण गर्दै नेपालमा प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री बनाउादाका फाइदा/बेफाइदा के हुन्छ ?**

बहुजाति, बहुभाषिक हिसाबले गाँजिएको, क्षेत्रीयताले बढी गाँजिएको मुलुकमा सिधै इलेक्टेड प्राइमिनिस्टर हुने कुरामा चाहिँ केही अप्ठ्यारो पर्न सक्छ । किनकि निर्वाचनमा जातीय नाराले स्थान पाउँछन्, भेगीय नारा आउँछन्, क्षेत्रीय नारा पाउँछन् त्यो कुराले चाहिँ धेरै सेन्सिटिभ हुन्छ । हाम्रोजस्तो पोलराइज हुने सोसाइटी र विकसित मुलुकको तुलनामा राजनीतिक चेतनाको विकास समेत भइनसकेको अवस्थामा मान्छेलाई उत्तरदायित्व बनाउनुपर्छ । उत्तरदायी बनाउने मोडालिटी विभिन्न हुन सक्छ ।

त्यसकारणले बढी पारदर्शी रूपले यही व्यवस्थामा जानु उचित हुन्छ । जस्तै सांसद मन्त्री हुन नपाउने भनिएको छ, त्यो पनि हुन सक्छ । अथवा जुन कार्यकारी मान्छे हुन्छ त्यसैले पर्फमेन्सको आधारमा छान्ने र संसदले अनुमोदन गर्ने विभिन्न किसिमका मोडालिटी अपनाउन सकिन्छ । अथवा एक व्यक्ति दुईचोटिभन्दा हुन नपाउने भन्ने व्यवस्था ल्याइयो भने ठिक हुन्छ । जुन विश्वप्रकाश शर्माले मोडालिटी ल्याउनु भाथ्यो । त्यस्तै पर्फमेन्स गर्न नसक्नेले नेतृत्वमा बस्न नपाउने भन्ने किसिमको खाका विकास गर्नुपर्ने देखिएको छ । यो खाका पार्टीको विधान होस् अथवा संविधानमै होस् कार्यकारी मान्छेलाई उसको पर्फमेन्स हेरेर छान्ने र उसलाई फालेर नयाँ ल्याउने किसिमबाट हाम्रा पार्टीहरूका विधानमा अथवा संविधानमै प्रावधान राख्नुपर्छ ।

**सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारप्रति तपाईं र नेपाली कांग्रेसको दृष्टिकोण कस्तो छ ?**

तत्कालीन प्रधानमन्त्री केपी ओलीको ढिपीका कारण यो अवस्था आयो । संविधानभन्दा बाहिरबाट विशेष परिस्थितिमा बनाइएको यो सरकारको संवैधानिक अस्तित्व छैन । राजनीतिक अस्तित्व मात्रै हो । राजनीतिक अस्तित्व र निर्वाचन गराउन आएको सरकारले आफ्नो म्यान्डेटअनुसार स्वतन्त्र निर्वाचन गरिदियो भने हामी त्यस्तो निर्वाचनमा भाग लिनुपर्छ । किनभने हामी देशलाई थप गृहयुद्धमा लैजान चाहन्नौं । फेरि कन्फ्लिक्ट हुन्छ । युवा पुस्ता र पुराना दलबीच फेरि कन्फ्लिक्ट भयो भने संवैधानिक वैध नभएको यो सरकारको राजनीतिक अस्तित्वसमेत समाप्त हुन्छ । त्यस कारण पनि सरकार जिम्मेवार भएर आफ्नो म्यान्डेटअनुसार काम गरोस् भन्न चाहन्छु ।

**असंवैधानिक तरिकाबाट बनेको सरकारले गराएको निर्वाचनमा दलहरू जाने अवस्था रहन्छ ?**

संक्रमणकालीन राजनीतिको हिसाबले यसलाई स्वीकार गरेर यसले आयोजना गरेको निर्वाचन जानुपर्छ । समयमै निर्वाचन गर्ने दबाब दिएर निर्वाचनपछि (ब्याक टु द ट्र्याक) संविधानकै ट्र्याकमा जाने बाटो हामीले रोज्नुपर्छ । युवाहरूको त्यत्रो साहदात प्राप्त गरेर ल्याएको चिजलाई फेरि हामीले नजर नजरअन्दाज गर्यौं भने फेरि दलहरूले नै समाजमा कन्फ्लिक्ट ल्याएको जस्तो हुन्छ । यो आन्दोलनको उपलब्धि पनि संस्थागत गर्दै संविधानलाई फेरि ब्याक टु द ट्र्याकमा ल्याउन हामी निर्वाचनमै जानुपर्छ ।

**सरकारले समयमै निष्पक्ष निर्वाचन गर्न सक्छ भन्ने विश्वास दलहरूलाई छ कि छैन ?**

राष्ट्रपतिले प्रधानमन्त्रीलाई ६ महिनाभित्र निर्वाचन गर्नुहोस् भनेर म्यान्डेटसहित नियुक्त गर्नुभएको छ । एक महिना भइसक्यो । त्यही समयभित्र रहेर यसले निर्वाचन गर्नुपर्छ । यो सरकारलाई अरू काम म्यान्डेट पनि छैन । संविधान संशोधनलगायत नयाँनयाँ काम यसले गर्न सक्दैन । चुनाव गराउन राजनीतिक दलहरूको पनि सहमति चाहिन्छ । दलहरूलाई सहमतिमा लिएर निर्वाचनलाई चुस्त, सक्षम, पारदर्शी बनाउने काम सरकारको हो । मेरो विचारमा दलहरूले सहयोग चाहिँ गर्नुहोस् । प्रधानमन्त्रीले दलहरूसँग संवादको प्रक्रिया सुरु नगरे पनि निर्वाचन आयोगबाट र राष्ट्रपतिबाट सुरु भएको छ । दलहरूले पनि सहयोग गरेर जानुपर्छ, सरकारले चुनाव गराउने वातावरण बनाउने आवश्यक संवाद चाँडै अघि बढाएर मुलुकको संकट समाधानमा जानुको विकल्प छैन । फेरि संसद् पुनर्स्थापनातिर जानु उपयुक्त हुँदैन ।

## ऐनापहरा पार्कबाट एक वर्षमा ६० लाख आम्दानी



**तनहुँ/मस**–आँबुखैरेनी गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्यस्थल ऐनापहराबाट एक वर्षमा ६० लाख रुपैयाँ आम्दानी भएको छ । आँबुखैरेनी-२ र ४ को सीमानामा अवस्थित ऐनापहराबाट गाउँपालिकाले गत आर्थिक वर्ष आन्तरिक राजस्वतर्फ ६० लाख रुपैयाँ आम्दानी गरेको हो ।

ऐनापहरामा पर्यटक आकर्षित गर्न पार्क निर्माण गरिएको छ । पार्क प्रवेश गर्नेसँग टिकट लिने गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । स्थानीयलाई ५० र बाह्यलाई १०० टिकट शुल्क तोकिएको छ । ऐनापहरालाई पर्यटकीय गन्तव्यस्थल बनाउन दुई करोड लगानीमा विभिन्न संरचना निर्माण गरिएको छ ।

पृथ्वी राजमार्गसँगै जोडिएको ऐनापहरा पार्क पछिल्लो समय पर्यटकको विश्रामस्थलका रूपमा विकास हुन थालेको छ । सार्वजनिक बिदा र शनिबारका दिन यहाँ आन्तरिक पर्यटकको घुइँचो नै लाग्ने गरेको छ । शनिबार यहाँ एक हजारभन्दा बढी पर्यटकको आगमन हुने गरेको आँबुखैरेनी-२ का वडाध्यक्ष आशबहादुर गुरुङले बताए ।

ढुङ्गामा विभिन्न कलात्मक आकृति कोरिएको यस ठाउँ पर्यटकको रोजाइमा परेको उनको भनाइ छ । उनले भने, 'गाउँपालिकाले यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थलका रूपमा अगाडि बढाएको छ, राजमार्गसँगै जोडिएकाले पनि यस ठाउँ रोजाइमा पर्ने गरेको छ, राजमार्ग भएर यात्रा गर्नेहरू पनि यहाँ रोकिएर आनन्दित भएर जान्छन् ।'

यहाँ रहेका ढुङ्गालाई कलात्मक बनाएर पर्यटकलाई थप आकर्षित बनाइएको छ । झरना झरेको ठाउँको ढुङ्गामा गणेशको आकृति बनाइएको छ भने झरना नजिकैको ढुङ्गामा आमा र बच्चा तथा परीको आकृति बनाइएको छ । पर्यटकलाई थप आकर्षित गर्न गाउँपालिकाले यहाँ गत साउन ३ गतेदेखि 'स्काइ वाक' सुरु गरिसकेको छ । स्काइ वाकको मूल्य २ सय ५० तोकिएको छ । १५ लाखको लगानीमा स्काइ वाक निर्माण गरिएको हो ।

करिब ५० मिटर अग्लो र ५७ मिटर लामो स्काइ वाकको प्रत्येक पाइला बीचमा एक फिटको खाली स्थान राखिएको छ । तनहुँकै अग्लो महाभारत पर्वत शृङ्खला छिम्केश्वरीको फेदीमा अवस्थित सिउँढी खोलाको पानी बगेर झरनामा मिसिएको छ । ऐनापहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन तयार गरेको जनाएको छ ।

यस ठाउँलाई व्यवस्थित गर्न विस्तृत परियोजना प्रतिवेदनअनुसार रु १० करोड बजेट आवश्यक पर्छ । यस ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायत संरचना निर्माण गर्ने उल्लेख छ ।

## मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्नेको चहलपहल बढ्यो




**खोटाङ/मस**-जेनजी आन्दोलनपछि बनेको वर्तमान सरकारले आगामी फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा गरेसँगै खोटाङमा पनि फोटोसहितको मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्नेरगराउने युवाको चहलपहल बढेको छ । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि गठन भएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले निर्वाचन आयोगलाई दिएको निर्देशनअनुसार निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्यको निर्वाचन गर्न यही असोज ९ गतेदेखि देशभर एकैसाथ मतदाता नामावली संकलन तथा अद्यावधिकको काम सुरु गरेसँगै खोटाङका नागरिकले पनि आफ्नो नाम दर्ता तथा अद्यावधिक गर्न थालेका हुन् ।

दश स्थानीय तह रहेको जिल्लामा दैनिक १५ देखि ४० जनासम्मले आफ्नो नाम फोटोसहितको मतदाता नामावलीमा दर्ता तथा अद्यावधिक गराउने गरेको जिल्ला निर्वाचन कार्यालय खोटाङका प्रमुख रवीन मगरले जानकारी दिए । 'देशभर खुला गरिएको मतदाता नामावलीमा दर्ता तथा अद्यावधिक आगामी कात्तिक ३० गतेसम्म सञ्चालन हुन्छ । जिल्लामा अहिलेसम्म अपेक्षा गरेअनुसार मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने काम भएको छैन । यद्यपि, हामीले प्रचारप्रसार गरिरहेका छौं', उनले भने, 'नयाँ दर्ता गराउनेले अनलाइन फाराम भरेर बायोमेट्रिक गर्न कार्यालयमा आउने तथा अद्यावधिक गर्नेहरू कार्यालय आउनुपर्दैन । नयाँ दर्ता गराउनेका लागि बिदाको दिनबाहेक दैनिक बिहान ८ बजेदेखि बेलुका ६बजेसम्म कार्यालय खुला राखिनेछ ।'

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०८२/०४/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय वमोजिम साविक कम्पनीको नाम **पिस पायोनियर ईङगलीस मोडेल स्कुल प्रा.लि.** (दर्ता नं.१९२३०) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पति तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०६/०७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **डिभाईन पाठशाला दाङ प्रा.लि.** (दर्ता नं.१९२३०) कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**डिभाईन पाठशाला दाङ प्रा.लि.**
**तुल्सीपुर उपमहानगरपालिका वडा नं. ६ दाङ**

**ओमनमा रोजगार**

कम्पनी : GLOBAL BUSINESS SERVICES LLC
पूर्व स्वीकृत मिति: २०८२/०६/२४ चलानी नं.: ६०२४५८६४
शहर : OMAN
LT. No.:332178

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foundation Digger | 4 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४४,१८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 8 | 0 | | 120 | ४४,१८२ | | | | | | | |
| 3. | General Electrician | 5 | 0 | | 120 | ४४,१८२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २ र ३ गते (19 & 20 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**DEITY INTERNATIONAL PVT.LTD.**
Govt Lic No.: 1332/074/075
Lainchour, Kathmandu, Nepal, Tel :01- 4525471
Fax No: 01- 4512877. Email: deity1@info.com.np

**UAE मा वैदेशिक रोजगारको अवसर**

FREE VISA, FREE TICKET, FREE RECRUITMENT

कम्पनी : ENOVA FACILITIES MANAGEMENT SERVICES LLC
पूर्व स्वीकृत मिति: २०८१/११/०९ चलानी नं.: ६०२३३४४०
LT. No.:319176
शहर: UAE
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५४,०२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter assistant building | 5 | 0 | | 1400 | ५४,०२६ | | | | | | | |
| 3. | Electrician (Gen.) | 14 | 0 | | 1600 | ६१,७४४ | | | | | | | |
| 4. | Construction Carpenter General | 6 | 0 | | 1400 | ५४,०२६ | | | | | | | |
| 5. | Concrete Mason | 3 | 0 | | 1400 | ५४,०२६ | | | | | | | |
| 6. | Air Condition Technician | 27 | 0 | | 1600 | ६१,७४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २ गते (19 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९२६/०६७/०६८

**VASTU MANAGEMENT SERVICE PVT.LTD.**
Balkumari-09, Lalitpur, Nepal, Tel. : 01- 5200902/306/213, Mob.:9808772723/9815589009
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com

# राजेश हमालको 'युगदेखि युगसम्म' सार्वजनिक



**काठमाडौं/मस–** पत्रकार तथा लेखक यज्ञशसँगको संवाद शैलीमा तयार भएको अभिनेता राजेश हमालको पुस्तक 'युगदेखि युगसम्म' विमोचन गरिएको छ । शनिबार कमलादीस्थित प्रज्ञा प्रतिष्ठानको डवलीमा अभिनेता राजेश हमाल, उनकी श्रीमती मधू भट्टराई, लेखकद्वय यज्ञश र बुद्धीसागरले संयुक्त रूपमा उक्त पुस्तकको विमोचन गरेका हुन् ।

उक्त पुस्तकमा जीवनयात्रा, चलचित्र र जीवनसँग जोडिएका अनुभव, संस्मरण तथा सामाजिक र व्यक्तिगत विचार समेटिएका अभिनेता हमालले जानकारी दिए । उनले भने, 'मैले बाहिर नभनेका कतिपय विषय पुस्तकमा समेटिएका छन् । यसलाई हामीले सुरु गरेर तीन वर्षमा विमोचन गर्न सफल भएका छौं । यसमा राजनीति, धर्म, केही मनोविज्ञानका कुरा पनि छन् ।' अभिनेता हमालले आफ्नो जीवन तथा आफ्नो सोचाइ र विचारलाई निर्धक्कसँग पुस्तकमा राखेको उल्लेख गरे । उनले बसाइँसराइदेखि सरकार र जनताको बीचमा बढ्दै गएको दूरीका विषयमा बनाइएको विचार पनि पुस्तकमा रहेको बताए ।

'मैले यो पुस्तकमा आजसम्म गोप्य राखेका कतिपय विषयहरू पनि समावेश गरेको छु । मैले आफूलाई पूर्णरूपमा प्रश्नकर्तालाई सुम्पेको छु । यसमा चलचित्रसँगै राजनीति र मानवीय जीवनका विविध पक्षलाई मेरो बुझाइसँगै व्यक्त गरेको छु। मेरो परिवारको कुरा पनि यसमा ल्याएको छु,' उनले भने ।

यो पुस्तक पढ्दा आफूलाई आफ्नो सम्पूर्ण जीवन फेरि फर्केर हेरेको र त्यही जीवन पुनः बाँचेको जस्तो महसुस भएको अभिनेता हमालले बताए । प्रश्नकर्ता यज्ञशले राखेका सम्पूर्ण जिज्ञासाको जवाफ आफूले दिएको उनले जानकारी दिए ।

'मेरो चलचित्र हेर्ने बानी यहाँ काम लाग्यो । मैले जसरी अभिनेता हमाललाई चिनेको थिएँ वा चलचित्रमा हेर्दै आएको थिएँ, त्यसले पुस्तक लेखनका क्रममा सहयोग गरेको छ । मैले राखेका हरेक जिज्ञासालाई उहाँले जवाफ दिनुभएको छ। त्यसकारण यहाँ केही छुटेको भन्ने लागेमा त्यो मैले सोच्न नसकेको वा मैले छुटाएको हुनेछु,' लेखक यज्ञशले भने । दुई सय ९३ पृष्ठ लामो उक्त पुस्तकलाई फाइन प्रिन्टले बजारमा ल्याएको हो ।

# बनेपामा निर्माणाधीन फिल्म स्टुडियोका लागि ३ करोड अनुदान

**काठमाडौं/मस–** काभ्रेको बनेपामा निर्माण भइरहेको अत्याधुनिक फिल्म स्टुडियो 'सिनेपाः'का लागि सरकारले तीन करोड रुपैयाँ अनुदान सहयोग उपलब्ध गराउने भएको छ ।

शुक्रबार सूचना तथा सञ्चार प्रविधि मन्त्रालयका योजना, अनुगमन तथा मूल्यांकन शाखाका उपसचिव रामकृष्ण अर्याल र चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसीबीच अनुदान सम्झौतामा हस्ताक्षर गरिएको हो ।

चलचित्र विकास बोर्डका अनुसार 'सिनेपाः स्टुडियो'लाई नेपाली चलचित्र उद्योगलाई प्रविधिक रूपमा सुदृढ बनाउने, निर्माताहरूलाई एकै स्थानमा सबै सेवा उपलब्ध गराउने र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन लक्षित



परियोजनाको रूपमा अघि सारिएको छ ।

स्टुडियोमा अत्याधुनिक छायांकन, ध्वनि रेकर्डिङ, सम्पादन, भिजुअल इफेक्ट्स, कलर ग्रेडिङ र पोस्ट-प्रोडक्सनका सबै सुविधा समावेश हुने जनाइएको छ ।

अनुदान सम्झौता सम्पन्न भएपछि बोर्डका अध्यक्ष दिनेश डीसीले भने, 'काभ्रेको ऐतिहासिक सहर बनेपामा निर्माण भइरहेको 'सिनेपाः' स्टुडियो नेपाली चलचित्र क्षेत्रका लागि नयाँ अध्यायको सुरुवात हुनेछ । यो केवल स्टुडियो होइन, हाम्रो फिल्म उद्योगको भविष्यमा गरिएको लगानी हो ।'

उनका अनुसार स्टुडियो सञ्चालनमा आएपछि नेपाली फिल्मकर्मीलाई पोस्ट-प्रोडक्सनका लागि विदेश जानुपर्ने बाध्यता अन्त्य हुनेछ । साथै, यसले चलचित्र पर्यटन, रोजगारी सृजना र सीप विकासमा उल्लेखनीय योगदान पुर्‍याउने अपेक्षा बोर्डले गरेको छ ।

# व्यापारमा 'बलिदान' अगाडि

**काठमाडौं/मस–** दसैंको अवसर पारेर यही असोज १३ गतेदेखि प्रदर्शनमा आएका तीन चलचित्रले राम्रो व्यापार गरेका छन् ।

चलचित्र विकास बोर्डको 'बक्सअफिस सिनेमा'का अनुसार यही असोज २३ गते मध्यरातिसम्म चलचित्र बलिदानले रु चार करोड ४२ लाख व्यापार गरेको छ । सन्तोष सेनको निर्देशनमा तयार भएको चलचित्र 'बलिदान'मा समीर भट्ट, सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मालगायत कलाकारले अभिनय गरेका छन् । साथै अभिनेता हरिवंश आचार्यले शीर्ष भूमिका निर्वाह गर्नुभएको चलचित्र 'हरिबहादुरको जुत्ता'ले



रु तीन करोड ९० लाख व्यापार गरेको छ । दीपेन्द्रकुमार खनालको निर्देशनमा तयार भएको चलचित्र 'हरिबहादुरको जुत्ता'मा अभिनेता आचार्यसँगै स्वस्तिमा खड्का, प्रकाश सपुत, प्रियंका कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेललगायतका कलाकारले अभिनय गरेका छन् ।

फूलपातीकै अवसरमा प्रदर्शन भएको चलचित्र 'माइतीघर'ले रु दुई करोड ८५ लाख व्यापार गरेको छ । रोहित अधिकारीले निर्माण तथा मिलन तामाङले निर्देशन गर्नुभएको यस चलचित्रमा केदार घिमिरे, उपासना सिंह ठकुरी, धीरज मगर, प्रकाश सपुतलगायत कलाकारले अभिनय गरेका छन् ।

## चैनपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**चैनपुर, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०६/२६**

यस नगरपालिकाद्वारा आ.व.२०८२/०८३ मा संञ्चालन गर्नुपर्ने तपशिल बमोजिमको निर्माण कार्यका लागि मिति २०८२/०४/३० गते र मिति २०८२/०५/०९ गते राष्ट्रिय दैनिक मार्फत प्रकाशित बोलपत्र आव्हान गरिए बमोजिम निर्धारीत समयावधि भित्र रितपूर्वक दर्ता भएका बोलपत्रदाताहरुको प्रस्ताव खोल्दा तपशिल बमोजिमको बोलपत्रदाताहरूले पेश गरेको कवोल अंक मिति २०८२/०६/२४ गते र मिति २०८२/०६/१० गते बसेको बोलपत्र मूल्याङकंन समितिको निर्णयअनुसार निम्नतम मूल्याङ्कित अंक सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई बोलपत्र स्वीकृत गर्ने आशय पत्रको ७ दिने सूचना २०८२/०६ /२६ गते प्रकाशित गर्न मनासिब देखि निर्णयार्थ पेश गर्दछु ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | आयोजनको नाम | बोलपत्रदाताको नाम | कवोल अंक (मु.अ.कर PS बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | CM/NCB/W/02 /082/083 | भण्डारीमोड वडा-९ कार्यालय – मा.वि. स्कूल देखि स्वास्थ्य चौकी कार्यालय जाने सडक | चन्दाछा निर्माण सेवा एण्ड सप्लायर्स, पावचखपन-८,संखुवासभा । | रु. १,२४,८७,९७९.२४\|- | |
| २. | CM/NCB/W/03 /082/083 | सालडाँडाबाट अम्बोटे सडक स्तरोन्नति | आइरिस कन्स्ट्रक्सन, मकालु -३, संखुवासभा । | रु. १४,५४,०१५.०२\|- | |

**प्रमुख प्रशासकीय अधिकृत**

Government of Nepal

## Water Supply and Sewerage Management Office, Kanchanpur

### Invitation for Electronic Bids

**Date of Publication: 2082/06/26**

1. ***The Water Supply and Sewerage Management Office, Kanchanpur*** invites the electronic bids from all the eligible bidders for the procurement of the following works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
2. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 2,94,00,000.00***
   - Minimum Work experience of similar size and nature: one number of water supply project with a value at least **NRs. 78,20,000.00**

| Contract ID | Name of the Project | Bid Security Amount | Validity of Bid Security |
|---|---|---|---|
| WSSMO/Kanchanpur /NCB/Works/04/082-83 | Construction of Suda Chauraha – Hajara Basantapur Water Supply Project; Bedkot Municipality, Kanchanpur | NRs. 5,60,000.00 | Upto Falgun 28, 2082 (March 12, 2026) |

Eligible bidders may visit PPMO e-gp system www.bolpatra.gov.np/egp for further information.

## Mahabu Rural Municipility
## Office of the Rural Municipal Executive

**Gaidabaj, Dailekh**
**Karnali Province, Nepal**

### Invitation For Bids

**First Date of Publication: 2082/06/26 (Oct. 12, 2025)**

| Identification No. | Description of Works | Estimated Amount (Without VAT, PS and Contingencies) (NRs.) | Cost of Bidding Documents (NRs.) | Bid Security Amount (NRs.) | Validity Of Bid documents/Bid Security (NRs.) | Last Date and time of Bid Submission | Bid opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| MRM/NCB/ Works/03/2082-083 | Yakpate Lamidada Takuri Lashikandh Jodane Sadak | 1,18,37,589.22 | 3,000/- | 3,50,000/- | 120 days after bid opening | 2082/07/25 12:00 PM | 2082/07/25 14:00 PM |
| MRM/NCB/ Works/04/2082-083 | Repair painting of Gaidabaj MA VI construction of toilet fencing and managaement of Furaniture | 25,62,606.54 | 3,000/- | 75,000/- | 120 days after bid opening | 2082/07/25 12:00 PM | 2082/07/25 14:00 PM |

**Note**: For further details downloading tendar documents, please visit PPMO website www.bolpatra.gov.np or www.mahabumun.gov.np and contact 9858074608,9868292357 or mahabugaupalika74@gmail.com.

**Chief Administrative Officer**

**युएईमा रोजगार**

कम्पनीः ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५७१५ — LT. No.: 331996

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 200 | 0 | स. काममा दक्ष | 1000 | ३८,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ — चलानी नं.: ६०२३७५०७ — LT. No.: 323525 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 104 | 0 | स. काममा दक्ष | 900 | ३४,७३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता कार्यालयमा धमाधम भइरहेको छ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोनः ०१–४९६०५७६, ४९५०७१९
०१–४९६०५७६, 9810101810, 9813916322. Email: futurestarmp397@gmail.com

**ओमनमा रोजगार**

कम्पनीः OHAAD ALMAJD TRADING — शहरः Oman
पूर्व स्वीकृत मितिः २०८२/०६/२४ — चलानी नं.: ६०२४५९११ — L.T. No.: 332232

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 2 | स. काममा दक्ष | 170 | ६२,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक २ गते (19 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LAXMI RECRUITMENT SERVICE PVT. LTD.**
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१–४५००४३३, ९८०३८४६४५८, ९८४७४९७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६
Gov License no : 1782/082/083

**कतारमा रोजगार**

कम्पनी : TRIO Q FECILITY MANAGEMENT AND CLEANING — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८२/०६/२४ — चलानी नं.: ६०२४५८४१ — LT. No.: 332177

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Area Attdt/Cleaner | 0 | 3 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dry Clean Worker | 0 | 2 | | 1000 | ३८,८५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ कात्तिक २ गते (19 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LEADING AIM INTERNATIONAL PVT. LTD**
Govt. Lic. No.: 1170/073/074
Basundhara-3, Kathmandu, Contact: 015904026, 9820112700
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np

**साउदीमा रोजगार**

कम्पनीः SORTING AND RECYCLING ENVIRONMENTAL SERVICES COMPANY — शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०६/२४ — चलानी नं.: ६०२४५८२९ — L.T. No.: 332032

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 2200 | ८३,१३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २ गते (19 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | कामददारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Miracle Employment Service (P.) Ltd**
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal, Tel.: 01- 4416930, 4415239, Email: miraclems@wlink.com.np

# ‘ए’ डिभिजन लिगका क्लबले भने– ‘होम एन्ड अवे फरम्याटमा खेल्न तयार छैनौं’

**काठमाडौं/मस–** सहिद स्मारक ‘ए’ डिभिजन लिगका क्लबहरूले होम एन्ड अवे फरम्याटमा यस सिजनको लिग खेल्न आफूहरू तयार नरहेको बताएका छन् ।

ललितपुरको कुपण्डोलमा शनिबार पत्रकार सम्मेलन आयोजना गर्दै शीर्ष डिभिजनका ९ वटा क्लबले छोटो समयको तयारीबाट होम एन्ड अवे फरम्याटमा लिग गर्नु आफूहरूका लागि मान्य नहुने बताएका हुन् । अखिल नेपाल फुटबल संघ (एन्फा)ले लिगबारे छलफल गर्न बोलाइएको बैठकअघि नै शीर्ष डिभिजनका ९ क्लबले पत्रकार सम्मेलन गर्दै दबाब दिएको हो । शीर्ष डिभिजनका ९ क्लबले लिग व्यवस्थापन र संरचनामा व्यापक सुधारको माग गरेका छन् ।

एन्फाले गत असोज ४ गते पत्रमार्फत शीर्ष डिभिजनका क्लबलाई असोज २६ गतेका लागि बैठक बोलाएको छ । तर त्यो बैठक अगाडि नै क्लबहरूले




एन्फाले आयोजना गर्न लागेको लिगमा व्यापक सुधार आवश्यक रहेको माग गरेका छन् ।

एन्फाले आगामी पुसदेखि सहिद स्मारक ए डिभिजन लिग गर्ने तयारी गरेको छ । त्यसका लागि एन्फाले केही तयारी पनि अगाडि बढाइसकेको छ । सोही बैठक अगाडि १४ मध्ये नौवटा क्लबले लिगमा व्यापाक सुधारको माग राख्दै जवाफ दिएका छन् ।

आइतबारको बैठकमा सहिद स्मारक ‘ए’ डिभिजन लिग र जेनजी आन्दोलनका कारण रोकिएका अन्य प्रतियोगिताहरू सुचारु गर्ने विषयमा छलफल गर्दैछ । सो बैठकमा एन्फा यु-१६ युथ लिगका बारे पनि छलफल हुनेछ । एन्फाका पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पाको नेतृत्वमा आयोजित पत्रकार सम्मेलनमा न्युरोड टिम (एनआरटी), फ्रेन्ड्स क्लब, श्री भगवती क्लब, चर्च ब्वाइज युनाइटेड, मनाङ मर्स्याङ्दी क्लब, सातदोबाटो युथ क्लब, संकटा क्लब र मछिन्द्र क्लबका पदाधिकारीको उपस्थिति थियो । क्लबहरूले नेपाली फुटबलमा व्यावसायिकता, पारदर्शिता र निष्पक्षता सुनिश्चित गर्न एन्फाले आधारभूत मुद्दाहरूलाई सम्बोधन गर्नुपर्नेमा जोड दिएका छन् ।

क्लबहरूले एन्फालाई एसियाली फुटबल महासंघ (एएफसी)सँग समन्वय गरी लिग सञ्चालन गर्न पूर्ण अधिकारसहितको स्वतन्त्र लिग समिति गठन गर्न आग्रह गरेका छन् । समितिलाई आर्थिक, कानुनी, निष्पक्ष तथा व्यवस्थित तरिकाले लिग व्यवस्थापन गर्न अधिकार दिनुपर्ने क्लबहरूको माग छ । त्यस्तै क्लबहरूले एन्फाले लिग आयोजना गर्नुभन्दा पहिले उचित पूर्वाधारमा सहयोग उपलब्ध गराउनुपर्नेमा जोड दिँदै ‘होम एन्ड अवे’ खेलका बारेमा स्पष्ट प्रावधान माग गरेका छन् । एन्फाले एएफसी र एन्फा स्वयमको मापदण्ड अनुरुप कम्तिमा १० वर्षको लागि घरेलु मैदानको कानुनी अधिग्रहणलाई सहज बनाउन माग गरेका छन् ।

क्लबहरूद्वारा जारी विज्ञप्तिमा अन्तर्राष्ट्रिय अभ्यासअनुसार क्लबहरूलाई ‘टिम लजिस्टिक’ र खेल सञ्चालन खर्च उपलब्ध गराउन र शीर्ष ६ भित्र अटाउने क्लबहरूको पुरस्कार रकम बढाउने माग पनि उल्लेख गरिएको छ । यसैगरी सम्बन्धित सरकारी निकायहरूसँगको समन्वयमा नेपालको कानुनअन्तर्गत ‘म्याच फिक्सिङ’ र सट्टेबाजी जस्ता आपराधिक कार्यलाई कडाइका साथ रोक्न आधिकारिक निकाय गठन गर्ने प्रश्ताव पनि क्लबहरूले गरेका छन् ।

# स्कटल्यान्डका जर्ज मन्सेले विराटनगरबाट एनपिएल खेल्ने

**काठमाडौं/मस–** स्कटल्यान्डका ओपनिङ ब्याटर जर्ज मन्से आगामी नेपाल प्रिमियर लिग (एनपिएल) २०२५ मा विराटनगर किङ्सको जर्सीमा देखिने भएका छन् । विराटनगरले शनिबार मन्सेसँग औपचारिक रूपमा सम्झौता सम्पन्न गरेको जनाएको छ ।




३२ वर्षीय मन्से अनुभवी बाँयाहाते ब्याटर हुन् । उनले सन् २०१७ देखि स्कटल्यान्डको राष्ट्रिय टोलीका लागि खेल्दै आएका छन् । मन्सेले ८१ टी-२० अन्तर्राष्ट्रिय खेलमा दुई शतक र १३ अर्धशतकसहित २ हजार ३०२ रन जोडेका छन् । एकदिवसीय अन्तर ाष्ट्रियमा भने उनले ७० खेलबाट २ हजार ६३० रन बनाएका छन् ।

समग्र टी-२० क्रिकेटमा मन्सेले १०२ खेल खेली २ हजार ६४८ रनको योगदान दिएका छन् । लिष्ट ‘ए’ क्रिकेटमा पनि उनले ३ हजार १९८ रन जोड्दै उत्कृष्ट प्रदर्शन गरेका छन् । मन्सेले यसअघि विभिन्न फ्रेन्चाइज लिगहरूमा समेत अनुभव बटुलिसकेका छन् । उनले दुबई क्यापिटल्स, कराची किङ्स, चेन्नई ब्रेभ्स, ब्राम्पटन वुल्भ्स र सिल्हेट स्ट्राइकर्सका लागि खेलेका थिए । गत सिजन विराटनगरले न्युजिल्यान्डका स्टार ब्याटर मार्टिन गप्टिललाई टोलीमा समावेश गरेको थियो । यसपटक भने क्लबले पहिलो विदेशी साइनिङको रूपमा मन्सेलाई अनुबन्ध गरेको हो ।

एनपिएलको दोस्रो संस्करण आगामी मंसिर १ देखि २७ गतेसम्म हुने तय गरिएको छ ।

# स्व. कैलाश राई स्मृति फुटबल प्रतियोगितामा इलाभेन स्टारको जित




**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २५ असोज

स्व. युवराज (कैलाश) राईको स्मृतिमा आयोजित तेस्रो फुटबल प्रतियोगिताको उद्घाटन खेलमा इलाभेन स्टार फुटबल समूह, बोक्सेले रिभरसाइड युवा समूह धरमपुर, सिरहालाई ९-० को गोलअन्तरले पराजित गरेको छ ।

जिल्ला फुटबल संघ उदयपुरको समन्वय र बगाहा युवा समूहको आयोजनामा बगाहा खेल मैदानमा शनिबारदेखि सुरु भएको यो प्रतियोगिता कात्तिक १ गतेसम्म चल्नेछ ।

प्रतिस्पर्धात्मक खेलमा इलाभेन स्टारका शिशिर लेखीले १७औं मिनेटमा पहिलो गोल गरे । दोस्रो हाफमा योगेश विष्टले ५२औं मिनेटमा दोस्रो, विवेक चौधरीले ५८औं मिनेटमा तेस्रो, सोइसन राईले ५९औं मिनेटमा चौथो र विशाल चौधरीले ६२औं मिनेटमा पाँचौं गोल गरे ।

विशालले थप एक गोल गर्दै टिमलाई छैटौं गोल दिलाए । आशिष भुजेलले ७४औं मिनेटमा सातौं गोल गरे भने शिशिर लेखीले थप दुई गोल गर्दै टिमलाई ९-० को जित दिलाए । शिशिर लेखी खेलको ‘म्यान अफ द म्याच’ घोषित भए ।

आयोजकका अनुसार आइतबार दमौटी फुटबल समूह र नेपालटार आदर्श युवा समूहबीच प्रतिस्पर्धा हुनेछ ।


**काठ दाउरा बिक्रि लिलाम सम्बन्धी २१ दिने सूचना**

**प्रकाशित मिति : २०८२/०६/२६ गते**

यस पशुपति सामुदायिक वन उपभोक्ता समूहको मिति २०८२/०४/०३ गतेको निर्णय र यस कार्यालयको यस समूह भित्र खपत गराईको ०.५ चट्टा दाउरा, जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराइएको साल जातको काठ ए ग्रेड ८ थान १४६.४९ क्यु फि, बी ग्रेड १० थान ९७.७२ क्यु फि, सी ग्रेड ५ थान ३२.०९ क्यु फि, गरि जम्मा २३ थान २७६.३० क्यु फि त्यसै गरि व्यापारिक प्रयोजनको लागि बिक्रि वितरण गर्न सहमति दिइएको साल जातको काठ ए ग्रेड ३० थान ५०६.४३ क्यु फि, बी ग्रेड २४ थान २१५.२१ क्यु फि, सी ग्रेड १६ थान ७३.४० क्यु फि गरि जम्मा ७० थान ७९५.०४ क्यु फि काठ सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले शिलबन्दी बोलपत्रद्वरा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघ र संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सूचना यस सा.व.उ.स को कार्यलयमा सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री पशुपति सामुदायिक वन उपभोक्ता समूह**
**प.न.पा. १, पाथि, डडेल्धुरा**

**काठ तथा दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**सूचना प्रकाशन मिति : २०८२/०६/२६ गते**

डिभिजन वन कार्यालय, कञ्चनपुरको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको लट नं. १ को खयर जातको काठ ए ग्रेड ४६४ थान ११८५.९५ क्यु फि त्यसै गरि लट नं. २ को अस्ना जातको काठ ए ग्रेड २१ थान ६३१.८७ क्यु फि, बी ग्रेड २० थान १५९.८३ क्यु फि, सी ग्रेड १ थान १४.२४ क्यु फि, गरि जम्मा ४२ थान ८०५.९४ क्यु फि काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, कञ्चनपुरबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री कृष्ण सामुदायिक वन उपभोक्ता समूह**
**शुक्लाफाँटा नगरपालिका वडा नं.-११, कञ्चनपुर**

**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Water Sector Governance and Infrastructure Support Project**
**Project Management Unit (PMU)**
**Panipokhari, Kathmandu**

**Letter of Intent (LOI)**

**Date of Publication: October 12, 2025 (2082/06/26)**
**Funding Agency: The World Bank**
**Credit No: 7132-NP**
**IFB No.: 02-Works-WaSGISP/081/082**

This is to notify all concerned bidders that we intend to award the following contract to the following substantially responsive lowest evaluated bidder.

| S. N. | Description of Work | Contract Identification Number | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount (Including VAT) in NRs. |
|---|---|---|---|---|
| 1 | Renovation and Maintenance of National Water Supply and Sanitation Training Center, Nagarkot | *NP-DWSSM-500939-CW-RFB* | S.B. Construction Koteshwor, Kathmandu-32 | 6,810,124.*60* |

**Project Director**

**“कृषि, पर्यटन र पूर्वाधारको दीगोपनः समृद्ध, सुसंस्कृत शहिद लखन”**

**Shahid Lakhan Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Ghairung, Gorkha**
**Gandaki Province**

**Invitation for Bids**

**Date of publication: 2082-06-26 BS**

1. Shahid Lakhan Rural Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned in table below under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

| S. N. | Contract No: | Brief Description of Goods Title | Bid Security Amount in (NRS.) | Last Date & Time of Bid Submission | Bid Opening Date and time | Bid Validity Period after bid opening | Cost of Bidding Document (NRS.) |
|---|---|---|---|---|---|---|---|
| 1 | SLRM/GO/ NCB/W/ ROAD/082/083/05 | Upgrading works of Namjung Ghairung Taklung Manakamana Road | 25,00,000.00 | 2082/07/25, BS) Up to 12:00hr | 2082/07/25 BS,13:00hr | 120 days | 5,000.00 |

2. Only eligible bidders meeting the following key qualifications shall be permitted to participate in this bidding process:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs.65.18 million.
   - Minimum Work experience of similar size and nature: One number of Road works with Bituminous Pavement project with value of NRs. 34.76 million.
   - Minimum Bid Capacity: NRs. 78.22 million.
3. Tender Procedures shall follow Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
4. For further information, please refer to the PPMO's website. Any amendment in the notice or bid documents will be posted in website www.shahidlakhanmun.gov.np, notice board of this office and PPMO's website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

आर्थिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०
२६ असोज २०८२ आइतबार
12 October 2025 Sunday



# तिहारमा फूल बिक्री नहुने हो कि भन्ने चिन्तामा छौं
## राताराती भारतबाट फूल नआओस्

तिहार आउन एक साता मात्र छ । तिहारलाई फूलको पर्वको रूपमा पनि लिइन्छ । तिहारकै लागि लक्षित गरेर कैंयन किसानहरूले फूल खेती गर्ने गर्छन् । साथै, तिहार लक्षित फूलको व्यवसाय पनि राम्रो हुने गरेको छ । पछिल्लो समयमा फूलको व्यवसायमा नेपाल आत्मनिर्भर हुँदै गएको छ । तर, पछिल्लो समयमा देशमा भएको आन्दोलनले अन्य व्यवसायी जस्तै नर्सरी व्यवसायी समेत निराश बन्न पुगेका छन् । तर, निराशालाई आशामा बदल्नको लागि भन्दै नर्सरी व्यवसाय गरेर फूलखेतीलाई विस्तार गर्दै आएको नर्सरी व्यवसायी संघले काठमाडौंको भृकुटीमण्डप असोज २८ देखि कार्तिक १ गतेसम्म पाँच दिन तिहारको उत्सव, फूलको महोत्सव गर्दै छ । प्रस्तुत छ, सोही अवसरमा संघका अध्यक्ष **राजजी तिमिल्सिना**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

**राजजी तिमिल्सिना** अध्यक्ष, नर्सरी व्यवसायी संघ

**नर्सरी व्यवसायीको अवस्था कस्तो छ ?**

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले व्यवसायीदेखि उपभोक्ता समेतलाई असर गरेको छ। जेनजी आन्दोलनको प्रभावका कारण तिहारको लागि भनेर उत्पादन गरिएका फूलहरू कम बिक्री हुने हो की भन्ने चिन्तामा व्यवसायीहरू छौं । अहिले तिहार आउँदै गर्दा समेत बजारमा उत्साह छैन । आन्दोलनपछि नर्सरी व्यवसायमा समेत मन्दीको अवस्था सृजना भएको छ। यो बेला नर्सरीमा फूलहरूको किनमेल हुने सिजन हो तर, त्यति व्यापार छैन।

लगानीको प्रतिफल प्राप्त गर्ने बेलामा भएको आन्दोलनले लगानी समेत उठाउन कठिन हुने हो की भन्ने चिन्ता सबै नर्सरी व्यवसायीमा छ। त्यसैले यो वर्ष हामीले व्यापार कमै हुने आंकलन गरेका छौं । किनभने आम मानिसमा अहिलेपनि डर त्रास छ । भोलि के हुन्छ भन्ने त्रासले आम मनोविज्ञान कमजोर छ।

हामीले पनि एक्स्पो गर्ने की नगर्ने भन्ने दोधारकै बीच कार्यक्रम गर्दै छौं । अझै पनि विभिन्न समूहले आन्दोलन गर्ने भनिरहेका छन्। यो तनावको बीचमा हामी मेला आयोजना गर्दैछौं । यस्तो बेलामा मेला प्रदर्शनी गरेर केही भएपनि नर्सरी व्यवसायी र पुष्प व्यवसाय गर्नेलाई केही प्रोत्साहन हुने अपेक्षासहित जोखिम मोलेर एक्स्पो गर्ने तयारीमा छौं ।

**तिहार लक्षित बिक्री हुने फूल उत्पादनको अवस्था कस्तो छ ?**

तिहारमा धेरै बिक्री हुने सयपत्री फूलको उत्पादन राम्रो छ। पछिल्लो समयमा पुष्पखेती गर्ने प्रचलन बढेको छ। तिहारकै लागि लक्षित गरेर देशैभर फूलखेती गर्नेको संख्या पनि बढेको छ। तर, यहाँ भारतीय फूल आएर किसानहरू सधैं मारमा पर्ने गरेका छन् । तर, अहिले धेरै स्थानीय तहले भारतबाट आउने फूलमाथि प्रतिबन्ध लगाउने भनेका छन् त्यसले स्वदेशमै फूलखेती गरेका व्यवसायीलाई फाइदा हुन्छ ।

यो वर्ष विगतमा भन्दा सयपत्री फूल राम्रो फुलेको छ गोदावरी चाहिँ अलिकति कम छ । तिहारकै लागि भनेर गोदावरीको फूल चाहीँ अलिकति कम छ । अहिले राताराती भारतबाट फूल आएन भने व्यवसायीलाई फाइदा नभएपनि आफ्नो लगानी उठ्न सक्ने अवस्था छ ।

**तिहारलाई लक्षित गरेर गर्न लागिएको फूल महोत्सवमा के–के प्रस्तुत हुँदैछ ?**

नर्सरी व्यवसायको विकास र विस्तार गरी स्वच्छ वातावरण सहित आय र रोजगार प्रवर्धन गर्ने उद्देश्यसहित तिहारको उत्सव, फूलको महोत्सव गर्न लागिएको हो। असोज २८ देखि कार्तिक १ गते सम्म एक्स्पो सञ्चालन हुनेछ।

नर्सरी र नर्सरी जन्य वस्तुको अत्याधिक परनिर्भरतालाई न्यूनीकरण गर्दै स्वदेशी उत्पादनको प्रयोग बढाउन यस विषम परिस्थितिमा हामीले एक्सपो गर्ने तयारी गरिरहेका छौं । एक्सपोमा नर्सरी व्यवसायीका ६० वटा भन्दा बढी स्टल हुनेछन् भने मल, औजार र अफिसियल स्टल गरी ७० वटा स्टल हुनेछन्। मेलामा ३५ हजार भन्दा बढीले अवलोकन गर्ने र ७० लाख भन्दा बढीको आर्थिक कारोबार हुने अपेक्षा गरेका छौं ।

**अन्त्यमा, नर्सरी व्यवसायलाई विस्तार र प्रवर्धन गर्न के गर्न सकिन्छ ?**

नेपाल नर्सरी व्यवसायको लागि उत्तम भूमि हो । नेपालमा पाइने हावापानी र भौगोलिक अवस्थाको कारण नर्सरी व्यवसायको लागि उपयुक्त क्षेत्रको रूपमा हेर्न सकिन्छ। नेपालीले नर्सरी व्यवसायीबाट राम्रो आम्दानी समेत गर्न सक्ने अवस्था छ। स्वदेशमा मात्र होइन बिदेशामा समेत नेपाली नर्सरीको बिरुवा निर्यात गर्न सक्ने अवस्था छ।

हामीले अब कुन ठाउँमा कुन फूल हुन्छ भन्ने कुराको पहिचान गरेर व्यावसायिक खेती गर्नुपर्छ। राजनीतिक अस्थिरताको कारण पुष्प व्यवसाय फस्टाउन सकिको छैन । स्थायी सरकार जबसम्म आउँदैन पुष्प व्यवसायको लागि नीतिगत समस्या आइरहने अवस्था छ।

नेपालमा सधैं यो वा त्यो बहानामा अन्यौलता हुँदाखेरी नर्सरी व्यवसायीको मनोबल एकदम घटेको छ। किनभने उत्पादन गर्नलाई अलि ठूलो लगानी गर्नुपर्ने हुन्छ । त्यसमा सरकारबाट केही सहयोग होस्, तर सरकारको अस्थिरताले उत्पादनमूखी नीति सुधार हुन सकेको छैन ।

# जग्गाको स्रेस्ता कायम गर्ने प्रक्रिया थप सरल

**काठमाडौं/मस–** सरकारले गत भदौ २३ र २४ गतेको 'जेनजी' प्रदर्शनका क्रममा क्षति भएका जग्गाको स्रेस्ता कायम गर्ने प्रक्रियालाई सरलीकृत गरेको छ ।

यसअघि देशका विभिन्न मालपोत कार्यालयले जारी गरेको सूचनाका कारण आम नागरिकमा त्रास फैलिएपछि सरकारले थप सरलीकृत गरेको हो । आन्दोलनका क्रममा आगलागीका कारण क्षति भएका मालपोत कार्यालयलाई पत्राचार गर्दै लालपूर्जा र नागरिकतागायत जग्गाधनीसँग रहेका कागजातका आधारमा सहज रूपमा स्रेस्ता कायम गर्न सकिने व्यवस्था गरिएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव जीवनराज सेढाइँका अनुसार, जग्गाधनीसँग भएको सक्कल जग्गाधनी प्रमाणपूर्जा र प्रणालीमा भएको अभिलेख भिडेमा प्रणालीबाट त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम गरिनेछ ।

यदि अभिलेख फरक पर्न गएको खण्डमा डकुमेन्ट म्यानेजमेन्ट सिस्टम (डिएमएस)मा भएको अभिलेखसँग भीडान गर्ने र अभिलेख भिडेको अवस्थामा आवश्यक विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम हुने भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ ।

नापी कार्यालयमा रहेको फिल्डबुक तथा प्लटरजिस्टर नक्सा, स्थानीय तहमा रहेको मालपोत लगत र मालपोत वा सम्पत्ति कर बुझाएको रसिदलाई आधार मानी प्रणालीमा विवरण अद्यावधिक गरी




त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गर्न सकिनेछ ।

सो व्यवस्था बमोजिम अभिलेख नभिडेको हकमा जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपी वा पारित लिखतको सक्कलप्रति पेश हुन आएमा वा बैंक तथा वित्तीय संस्था, अड्डा अदालत वा अन्य निकायमा पेश गरेको कागजात सम्बन्धित निकायबाट प्रमाणित प्रतिलिपी पेश भएमा स्थानीय तहबाट हक भोगको सिफारिश लिइ सोको आधारमा प्रणालीमा विवरण अद्यावधिक गरी नयाँ स्रेस्ता कायम गर्ने विभागको पछिल्लो निर्देशमा उल्लेख छ ।

सार्वजनिक सूचना हकभोगसम्बन्धी स्थलगत सर्जमिन र जानी जानी झुठा विवरण पेश गर्ने व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारवाही सहुँला बुझाउँला भनी सम्बन्धित जग्गाधनीको कबुलियतनामा कागज गराई सोको आधारमा प्रणालीमा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गर्न सकिने विभागले जनाएको छ ।

जग्गाधनी दर्ता प्रमाणपूर्जा पेश नभएमा वा पेश भएको प्रमाणबाट एकिन हुन नसकिएमा आवश्यकताअनुसार हकभोगसम्बन्धी स्थानीय तहको सिफारिस, स्थलगत सर्जमिन र सार्वजनिक सूचना गर्न सकिने विभागले उल्लेख गरेको छ ।

नष्ट भएका जग्गाधनी स्रेस्ता कायम गर्दा नापी कार्यालयको फिल्डबुक, प्लट रजिष्टर नक्शा, मालपोत कार्यालयको तामेली अभिलेख, व्यक्तिसँग भएको सक्कल पारित लिखत र प्रणालीको रेकर्डबाट सरकारी सार्वजनिक तथा दर्ता बाँकी जग्गा हो होइन एकिन गर्न सकिनेछ ।

नष्ट भएको रोक्का लगतका सम्बन्धमा प्रणालीमा भएको रोक्का रेकर्डलाई साविक गाविसअनुसार प्रिन्ट गरी रोक्का किताब तयार पानुएपर्नेछ। रोक्का राख्ने संवैधानिक निकाय, बैंक तथा वित्तीय संस्था, प्रशासनिक निकाय तथा न्यायिक निकायलाई रोक्का राखिएको अचल सम्पत्तिको विवरण उपलब्ध गराई दिन पत्राचार गर्ने र प्राप्त विवरणलाई भिडाइए अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

कार्यालयको कुनै पनि अभिलेखबाट रोक्का रहेको विवरण खुल्न आएमा सोलाई समेत आधार लिई अभिलेख अद्यावधिक गर्नुपर्ने । नष्ट भएको स्रेस्ता अद्यावधिक भएपछि उक्त स्रेस्ताबाट कारोबार गर्दा ऋणीलाई सो व्यहोराको जानकारी दिई लिखत पारित गर्ने व्यवस्था मिलाउनुपर्ने प्रबन्ध गरिएको छ ।

विभागले मालपोत कार्यालय दाङ (तुलसीपुर), कास्की, चितव (भरतपुर), खैरहनी, काठमाडौं (कलंकी) र रुपन्देही (बुटवल), कैलाली (धनगढी), बाँके (नेपालगञ्ज), दाङ (घोराही ) र मोरङ (विराटनगर)लाई एकै सात परिपत्र गर्दै जग्गाधनीलाई सरल र सहज रुपमा सेवा प्रदान गर्न निर्देशन दिएको छ ।

मालपोत ऐन, २०३४ र मालपोत नियमावली, २०३६ तथा भूमि प्रशासन निर्देशिका, २०८१ मा भएका व्यवस्थाका अतिरिक्त अन्य विभिन्न पाँचवटा मुख्य बुँदालाई आधार बनाउन विभागले निर्देशन गरेको छ । आन्दोलनका क्रममा जलेर नष्ट भएको जग्गाधनी दर्ता स्रेस्ता, रोक्का अभिलेख तयार गर्न गराउने सम्बन्धमा यही असोज २३ को मन्त्रिस्तरीय निर्णयअनुसार आवश्यक निर्देशन दिइएको विभागले जनाएको छ ।

आन्दोलनका क्रममा देशभरका विभिन्न ६ वटा मालपोत कार्यालय पूर्ण रूपमा क्षति भएका थिए भने १४ वटा मालपोत कार्यालय आंशिक रूपमा क्षति तथा तोडफोड भएका थिए । आन्दोलनका क्रममा झण्डै १० लाख लालपूर्जाको ढड्डा जलेको अनुमान गरिएको छ । तोडफोड र आगलागीका कारण क्षतिग्रस्त भएका विभिन्न मालपोत कार्यालयले आंशिक रूपमा सेवा प्रवाह सुरु गरेका छन् ।

# आन्तरिक राजस्व कार्यालय जनकपुरबाट सेवा सुरु

**जनकपुर/मस–** जेनजीको प्रदर्शनका क्रममा जनकपुरधामस्थित आन्तरिक राजस्व कार्यालयका भौतिक संरचनामा क्षति भएपछि सेवा बन्द भएकामा शनिबारदेखि राजस्व संकलन तथा सेवा प्रवाह सुरु गरिएको छ । भौतिक सामग्रीको खरिद, मर्मतसम्भार, सरसफाइ तथा रङगरोगन गरी कार्यालय नियमित रूपमा सञ्चालन गरिएको सो कार्यालयले जनाएको छ ।

गत भदौ २३ तथा २४ गतेको जेनजीको प्रदर्शनका क्रममा जनकपुरधामस्थित विभिन्न कार्यालयमा तोडफोड तथा आगजनीको भएको थियो । भदौ २४ गतेको आगजनी तथा तोडफोडका कारण करिब दुई करोड ५० लाख बराबरको भौतिक सम्पति जलेर नष्ट भएका कार्यालय प्रमुख आनन्दप्रसाद गुप्ताले जानकारी दिए ।

उनका अनुसार उक्त प्रदर्शनका क्रममा कार्यालय हाताभित्र रहेका चारपाग्रे दुई वटा सवारी तथा पाँच वटा मोटरसाइकल, फर्निचर,




कम्प्युटर, ल्यापटप तथा कागजपत्र, राजस्व स्टिकर, पाले घरलगायत कार्यालयका कोठा जलेर नष्ट भएका छन् ।

क्षतिग्रस्त कार्यालय मर्मतसम्भार गरिएपछि विस्तारै सेवा सुरु गरिएको कार्यालय प्रमुख गुप्ताले बताए । उनका अनुसार सेवाग्रही पनि राजस्व बुझाउन आउन थालेका छन् ।

यसैबीच सात वर्षपछि आर्थिक वर्ष २०८१/८२ मा लक्ष्यभन्दा बढी राजस्व संकलन भएको आन्तरिक राजस्व कार्यालयले जनाएको छ । कार्यालय प्रमुख गुप्ताका अनुसार आव २०८१/८२ मा वार्षिक लक्ष्य चार अर्ब ८८ करोड ६८ लाख राजस्व संकलन गर्ने लक्ष्य रहेकामा चार अर्ब ९० करोड ४३ लाख संकलन भएको हो ।

लामो समयदेखि राजस्व नतिर्ने एक सय २५ व्यावसायिक फार्मलाई कारबाही प्रक्रिया अघि बढाइएको उनले जानकारी दिए । उनका अनुसार हालसम्म कारबाहीमा परेकामध्ये १० वटा व्यावसायिक फार्मबाट चार करोड ३० लाख राजस्व संकलन भएको हो ।

# लोकदर्शन सहकारीको १६औं वार्षिक साधारण सभा सम्पन्न

**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायीहरूद्वारा प्रवर्धित लोकदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औं साधारण सभा सम्पन्न भएको छ । शनिबार राजधानीको धुम्बाराहीमा सम्पन्न साधारण सभाले अध्यक्ष प्रेमबहादुर कटुवालले पेस गरेको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन, सचिव देवराज कटुवालले प्रस्तुत गरेको नीति तथा कार्यक्रम तथा कोषाध्यक्ष रामप्रसाद भन्तनाद्वारा प्रस्तुत आर्थिक प्रतिवेदनहरूमा छलफल गरी पारित गरेको छ ।

साधारण सभामा अध्यक्ष कटुवालले देशको अर्थतन्त्रमा देखापरेका राजनैतिक र विविध किसिमका असरले सबै उद्योग र पेशा व्यवसाय प्रभावित भएजस्तै संस्थामा समेत त्यसको असरले गर्दा आर्थिक सूचांकहरूमा केही वर्षदेखि निरन्तर कमी आए पनि संस्थाको आर्थिक सूचांक सकारात्मक नै रहेको बताए ।

उनले गत वर्ष सहकारी क्षेत्रमा भएका घटनाक्रमले अवस्था झन् बिथोलिएकोमा संस्थाले आफ्नो उद्देश्य परिपुर्ति गर्न र सेयर सदस्यहरूलाई थप सेवा, सुविधा प्रदान गर्न दत्तचित्त रहेको र




वित्तीय अवस्थालाई नकारात्मक रूपमा जानबाट रोक्न सफल भएको बताए ।

सचिव कटुवालले गत आर्थिक वर्षको समीक्षा र चालु आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै वैदेशिक रोजगारको क्षेत्रमा विगतका वर्षहरूदेखि भएको विविध किसिमका संकुचनले समग्र कारोबारमा सोचेअनुरूप कार्य सम्पन्न हुन नसकेको बताए। यद्यपि सबैको प्रयासले संस्थालाई सबल बनाउने भन्दै सचिव कटुवालले सरकारले सहकारी क्षेत्रलाई थप कानुनी दायरामा ल्याउन सहकारीसम्बन्धी नयाँ कानुन तथा नीति निर्देशन जारी गरेकाले चुनौती र अवसर थपिएको हुँदा जागरुक र सचेत हुन जरुरी रहेको उल्लेख गरे ।

कोषाध्यक्ष भान्तनाले विश्वव्यापी ध्रुवीकरण र त्यसले नेपालमा पार्ने प्रभावबाट आर्थिक क्षेत्र थप जटिल हुने सम्भावना बढदै गएकाले आगामी वर्ष पनि सहकारी क्षेत्रमा चुनौती थपिँदै जाने आँकलन गरे । उनले बिनाधितो कर्जालाई न्यून गर्दै लैजाने, भाखा नाघेका कर्जालाई घटाइ कम प्रतिशतमा राख्ने, नयाँ कर्जा भाखा नाघ्न नदिने, जोखिम देखिन सक्ने कर्जाहरुलाई सामूहिक रूपमा असुली गर्ने नीतिलाई प्राथमिकता दिने बताए ।

कार्यक्रममा संस्थाका सेयरधनी तथा मध्यान्ह राष्ट्रिय दैनिकका प्रधान सम्पादक मदनकुमार श्रेष्ठले शुभकामना मन्तव्य राख्दै साधारण सभाको सफलताका साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरे । त्यस्तै, सभामा कर्जा लगानी समितिका संयोजक मदनकुमार महत, लेखा सुपरीवेक्षण समितिका संयोजक शालिकराम गौतम र रजिष्टर्ड लेखापरीक्षक रणबहादुर विष्टले पनि सहकारीबारे आ-आफ्ना धारणा राखेका थिए ।

संस्थाले आफ्नो उद्देश्य र लक्ष्य प्राप्त गर्दै सकेसम्म सेयर सदस्यलाई सर्वसुलभ सेवा दिन, संस्थाको वार्षिक साधारण सभाले दिएको निर्देशन तथा संस्थाको विनियम, सहकारी ऐन, कानुन र मापदण्डको परिधिमा रही आवश्यकता अनुरूप सञ्चालक समितिको बैठक गरी संस्थागत विकास र सुदृढीकरणका लागि हामी प्रतिबद्ध रहेको जनाएको छ ।

प्रकोप जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं ।

- सम्भावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी, आगलागिजस्ता सम्भावित प्रकोपको बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामाग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**